प्रारम्भिक मस्यौदा

नेपाल सरकार

राष्ट्रीय खानेपानी तथा सरसफाई नीति २०१४

सहरी बिकाश मन्त्रालय

# विषय सूचि

१.० भूमिका

२.० ऐतिहासिक पृष्ठभुमि

३.० वर्तमान अवस्था

४.० समस्या र चुनौतिहरु

४.१ प्रविधिक

४.२ लैंगिक समानता र सामाजिक समावेसिता

४.३ बातावरण

४.४ खर्च-उठती र ब्ययभार बहन सामर्थ्यता

४.५ मर्मत तथा संभार

४.६ संस्थागत

४.७ कानूनी संरचना

५.० नयां नीतिको खांचो

६.० लक्ष

७.० ऊद्देश्यहरु

८.० घोषित नीतिहरु

९.० रणनीतिहरु

## १.० भुमिका

सार्वजनिक स्वाश्थ्यमा अपेक्षित सुधार ल्याउन र गरिबी निवारणको राष्ट्रिय उद्देश्य प्राप्ति गर्नाको लागि आधारभुत आवस्यकता भनेको सबैको सुरक्षित खानेपानी तथा सरसफाई सेवामा पहूंच हो। यी आधारभुत र अत्यावश्यक सेवामा न्युन पहुंच भएकै कारण धैरै नेपालीले उच्च रोग-ब्याधिको मारबाट अनाहकमां निम्नकोटीको जिवन निर्वाह गर्न र अल्पायुमै जिवन गुमाउन परेको कुरा सर्वबिदित छ।

शहरी होस वा ग्रामींण दुवै क्षेत्रका वासिन्दाहरु असुरक्षित खानेपानी, अस्वस्थ रहनसहन र अपर्याप्त सरसफाई सुबिधाका कारणले पानी-जन्य वा खानेपानी संबंन्धित रोगबाट प्रभावित भई रहेका छन्। जसका कारण मानिसहरुले बिभिन्न समस्याहरु झेल्नुका साथै आयआर्जनको मौका समेत गुमाउनु परि रहेको छ। त्यसमा पनि झन पानीको अभावमा टाढा-टाढाका मुहानबाट पानी ओसार्न दिनानुदिन घण्टौ समय ब्यतित गर्दा ग्रामीण महिलाहरुले झनै बढ़ी आयआर्जनको मौका गुमाउनु परेको छ।

दक्षिण एशियामा मात्र बिमारी, ओषधोपचार, तथा यी आधारभूत सेवाको अभावका कारणले हूने समयको बर्बादी र गुम्ने अवसरको आर्थिक मूल्य लगभग ३४ अरब डलर हुने अनुमान गरिएको छ[१]। त्यस्तै दक्षिण एसियामा लगानीको लगभग आर्थिक प्रतिफल खानेपानी आयोजनामा ३.५, सरसफाई आयोजनामा ६.९ र दुवै एकिकृत आयोजनामा लगभग ६.६ रहेको छ[२]। संयुक्त राष्ट्रका सदस्य राष्ट्रहरुले “शहस्राब्दी घोषणा” मार्पत “शहस्राब्दी उद्देश्य” पुरा गर्ने अठोट गरेका छन्। शहस्राब्दी उद्देश्यको ७औ उद्देश्य अन्तर्गतको १०औ लक्षमां “ईस्वी सन् २०१५ सम्म सुरक्षित खानेपानीमा तथा आधरभुत सरसफाई सेवामां दिगो पहूंच न भएको जनसंख्या आधा घटाउने” भनि स्पष्ट उल्लेख गरिएको छ।

शहस्राब्दी उद्देश्यले सरकारलाई नत्रां नत्रां नीति र रणनीति अपनाई सेवा बिस्तारको उच्च लक्ष निर्धारण गरि शिघ्र उपलब्धि हासिल गर्न ठोस आधार प्रदान गरेको छ। नेपालले उत्साहजनक रुपमा शहस्राब्दी उद्देश्यले आधारभुत खानेपानी र सरसफाई सुबिधामा २०१५ को लागि निर्धारण गरेको लक्ष क्रमश: ७३% र ५३% लाई २०१३ मा नै उछिनि सकेको छ।

जबकि नेपाल सरकार आधारभूत आवस्यकताको रुपमां २०१७ सम्म सबै लाई आधारभूत खानेपानी तथा सरसफाई सेवा पुऱ्याउन कटिबद्ध रहेको छ भने २०२७ सम्म सबैलाई मध्यम तथा उच्च स्तरको खानेपानी तथा सरसफाई सेवा पुऱ्याउने लक्ष समेत सरकारले लिएको छ।

---

१ Human Development Report, UNDP, 2006, p42

2 Economic and health effects of increasing coverage of low cost household drinking water supply and sanitation interventions to countries off-track to meet MDG target 10, WHO/UNDP, 2007

## २.० ऐतिहासिक पृष्ठभूमि

सरकारको केहि दशक देखि  पटक पटक क्रमिक रुपमा परिस्कृत गर्दै क्षेत्रगत तथा उप-क्षेत्रगत रुपमा अगिकार गरिंदै आए पश्चात ग्रामिण खानेपानी तथा सरसफाई नीति २०६० र सहरी खानेपानी तथा सरसफाई नीति २०६६ बिकसित गरि लागू गर्न संभव भएको थियो।यसै अवधिमा जलस्रोत, वातावरण, स्थानिय निकाय, सरसफाई, संस्थागत सुधार, महसूल निर्धारण, खानेपानी गुणस्तर तथा सहरी विकास समेत यो क्षेत्र तथा उपक्षेत्र संग संबन्धित अन्य कतिपय नीति तथा कानूनहरुको निर्माण भए।

ईस्वी सन् २०११ को जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड़ रहेको छ, जस मध्ये ४५ लाख (१७%) सहरी तथा २ करोड़ २० लाख (८३%) ग्रामीण छन् ।ग्रामीण जनसंख्या ४ हजार २ सय गांऊ बिकास समितिहरुमा र सहरी जनसंख्या काठमान्डौ उपत्यका सहित तराई तथा पहाड़का ५८[१] नगरपालिकाहरुमा  बसोबास गर्दछन्, जस मध्ये दूई तिहाई १६ वटा ठूला नगरपालिकाहरुमा बस्द छन्। यी नगरपालिकाहरु बाहेक थुप्रै स्याना सहर तथा बजारहरु, खास गरि पूर्व-पश्चिम राजमार्ग तथा उत्तर-दक्षिण पहूंच मार्गका छेंऊ-छांऊमा, समेत उदियमान भई रहेका छन्।खानेपानी तथा ढलनिकास बिभागको संशोधित १५ वर्षिय सहरी खानेपानी तथा सरसफाई बिकाश योजना, २००० अनुसार यस्ता २०९ स्याना

सहर तथा बजारहरुमा हरुमा बसोबास गर्ने २० लाख जनसंख्यालाई सहरी स्तरको खानेपानी तथा सरसफाई सुबिधा चाहिएको छ।

१९७१ मा कुल जनसंख्या को ४% (१६ नगरपालिका) मात्र सहरी रहेकोमा २०११ मा १७% (५८ नगरपालिका) पुगेको छ भने २०२१ मा २६% भन्दा बढी हुने अनुमान गरिएको छ।

ई. १९९० को दशक देखिको राजनैतिक खुलापन र बिकेन्द्रीकरणका कारणले गैरसरकारी संस्था समेत सामुदायिक समूह, स्थानिय निकाय तथा निजी क्षेत्र यस क्षेत्रका नयां तथा महत्वपूर्ण सहयोगीका रुपमा देखा परे।मांग-निर्देशिता, सामूदायिक सहभागिताको पार्यदिशा र निर्माण खर्चमा समुदायिक साझेदारीता सहित अनेकौ नयां-नयां कार्यपद्धतिको विकास गरियो जस्ले समुदायलाई आयोजनाको पूर्ण स्वामित्व ग्रहण गर्न प्रोत्साहन गर्‍यो र क्षेत्रलाई प्रवाहित दुर्लभ साधन र स्रोतको अधिकतम उपयोग गर्न सहज बनायो।

खानेपानी र सरसफाई सेवामा पहुंच क्षेत्रगत रुपमा फरक-फरक ढंगले परिभाषित हुंदै आएता पनि त्रिवर्षिय योजना (२०१०-१३) को तथ्यांकबाट पहुंचमां बृद्धि भई निर्धारित लक्ष प्राप्ति भएको देखाएको छ (तालीका १)।जनस्वास्थ्यको लागि केन्द्रिय भूमिका हुंदाहुंदै पनि सरसफाई सेवाले बिगतमा खानेपानी भन्दा न्यून प्रथमिकता पाई रहेकोमा हाल तिब्रताका साथ त्रिवर्षिय लक्षलाई नाघेको छ।ई. १९९० मा बाल-बालिका मृत्युदर १४२ प्रति १००० बाट ई. २०१२ मा ४२ मा झरेको श्रेय आधारभुत खानेपानी र सरसफाई सुविधा विस्तारमा प्राप्त उपलब्धिलाई नै दिनु पर्दछ।

तालिका १: खानेपानी तथा सरसफाई सेवामा पहूंच

| पहूंच (जनसंख्या को प्रतिशत) | त्रिवर्षिय अंतरिम योजना (२०६४-६७)[२] | | त्रिवर्षिय योजना (२०६७-७०)[३] | |
|---|---|---|---|---|
| | लक्ष | उपलब्धि | लक्ष | उपलब्धि |
| आधारभुत खानेपानी सेवामा पहूंच भएको जनसंख्या | ८५ | ८० | ८५ | ८५ |
| मध्यम-उच्च स्तरको खानेपानी सेवामा पहूंच भएको जनसंख्या | १५ | १०.५ | | |
| आधारभुत सरसफाई सेवामा पहूंच भएको जनसंख्या | ६० | ४३ | ६० | ६२ |

१ हालै जेष्ठ २०७१ मा नगरपालिकाको संखया ५८ बाट बढाएर १३० पुऱ्याईको भएतापनि आधिकारिक तथ्यांक उपलब्ध न भएकोले जनसंख्या पुरानै ५८ नगरपालिका कै आधारमा उल्लेख गरिएको छ ।

२ स्रोत: रा. यो. आ. त्रिवर्षिय योजना (२०६७-७०)

३ स्रोत: रा. यो. आ. त्रिवर्षिय योजना अवधारणा पत्र (२०७०-७३)

सहरी तथा ग्रामिण क्षेत्रका जनसंख्यालाई आधारभुत खानेपानी तथा सरसफाई सुविधा ऊपलब्ध गराउने कार्यमा राम्रै प्रगति भएको भएता पनि संपन्न आयोजना सुचारु राख्न र हालको आधारभुत सेवाको स्तरोन्नति गर्न धेरै प्रयत्न गर्नु बांकी नै छ। स्थलगत सरसफाई संयन्त्रहरुबाट निसृत हुने दुषित लेदोपानीको असुरक्षित बिसर्जनबाट बातवरण र जनस्वाश्थ्यलाई जोगाउन; स्थलगत सरसफाई प्रविधिबाट संतोषप्रद उपलब्धि हासिल नहुने सहरी क्षेत्रहरुमा मलमुत्र ढल प्रणालीको ब्यवस्था गर्न; पाईप प्रणाली बाट खानेपानी उपलब्ध भए पश्चात बृद्धि हुने फोहर पानीको निस्काशनको लागि ढल प्रणालीको ब्यवस्था गर्न र सहरी सघन क्षेत्रमा बर्षाते पानीबाट जनस्वाश्थ्य र संपत्तिको बचावट गर्न विशेष ध्यान पुऱ्याउन अवस्यक भएको छ।

### ३.० बर्तमान अवस्था

सरकारद्वारा खानेपानी तथा सरसफाई क्षेत्रमा भै रहेको लगानी सन् २०१७ सम्ममा सबैलाई खानेपानी तथा सरसफाइ सुबिधा पुऱ्याउने लक्ष सहितको खानेपानी योजना (२००२-२७)द्वारा निर्देशित रहि आएको छ। साथै यो योजनाले सन् २०१७ सम्म २७% र सन् २०२७ सम्म ५०% जनसंख्याको खानेपानी सुबिधा स्तरोन्नति गरी मध्यम तथा उच्च स्तरमा पुऱ्याउने लक्ष समेत निर्धारण गरेको छ।तर सरसफाई सुबिधाको हकमा भने कुनै स्तरोन्नति निर्धारण गरिएको छैन्।

गत शताब्दिको सुरु ९०वौं दशक सम्म क्षेत्रगत नीति आवधिक पञ्चवर्षिय योजना तथा वार्षिक बजेट तथा कार्यक्रमटात निर्देसित हुने गरेको थियो। वि. स. २०५१मा पहिलो पटक नीति संबन्धी दस्तावेज “सरसफाई कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि नेपाल राष्ट्रिय सरसफाई नीति र मार्गदर्शन” प्रकासित भएको थियो। ग्रामिण क्षेत्रमा खानेपानीको तुलनमा सरसफाईलाई न्युन प्राथमिकता दिईने गरेकोले सरसफाईलाई प्रवर्धन गर्न सरसफाई नीति आवस्यक ठानिएको थियो। सरसफाई नीति पश्चात वि. स. २०५५ मा राष्ट्रिय

खानेपानी नीति प्रकाशित गरिएको थियो जो मुख्यतया ग्रामिण खानेपानीमा केन्द्रित थियो। वि. स. २०६०मा नत्रां “राष्ट्रिय ग्रामिण खानेपानी तथा सरसफाई नीति” ले २०५५ को नीतिलाई बिस्थापन गरियो र संगै नीति कार्यान्वयन रणनीति समेत समावेस गरिएको थियो। सहरी क्षेत्र संबन्धी विशिष्ट नीतिको अभावमा नेपाल सरकारले ए. डी. बि. को सहयोगमा मेलम्ची खानेपानी योजना कार्यान्वयनलाई सहजिकरण गर्न वि. स. २०६७ मा “काठमान्डौ उपत्यका खानेपानी तथा सरसफाई क्षेत्रगत नीति” तथा “काठमान्डौ उपत्यका खानेपानी तथा सरसफाई क्षेत्रगत रणनीति” सविकृत गर्‍यो। वि. स. २००९ मा मात्रै नेपाल सरकारबाट  “सहरी खानेपानी तथा सरसफाई नीति” स्विकृत भयो।

पछिल्ला दुई क्षेत्रसंग संबन्धित नीतिगत दस्तावेज यहां संक्षिप्त रुपमा वर्णन गरिएको छ। यो सम्मिलित नत्रां नीतिको दस्तावेजले मौजुदा दुई नितिहरुका दस्तावेजलाई प्रकरण ५.०: नत्रां नीतिको आवस्यकतामा उल्लेख भएका कारणहरुले विस्थापन गरेको छ। साथै परिशिष्ठ २ मा संबन्धित कानून, नीति र आवधिक योजनाहरुलाई संक्षिपत रुपमा उल्लेख गरिएको छ।

**ग्रामीण खानेपानी तथा सरसफाई राष्ट्रीय नीति २०६० र ग्रामीण खानेपानी तथा सरसफाई राष्ट्रीय रणनीति २०६०:** यो नीतिको मूख्य ऊद्देश्य बिशेष गरि पिछडिएको वर्ग र जनजाति समुदायलाई लक्षित गरि पानीजन्य रोग न्यूनिकरण गर्न तथा पुरूष, महिला तथा बालबच्चाहरुको पानी ओसार्न लाग्ने समयको बचत गर्न शत् प्रतिशत जनसंख्यालाई खानेपानी तथा सरसफाई सूबिधा पुर्‍याउने नत्रां लक्ष निर्धारण गर्नु रहेको छ। यो नीतिले मौजुदा खानेपानी प्रणालीहरुको ब्यापक स्तरमा नवीकरण, पुनर्स्थापन, सुधार तथा नवीकरण र सेवाको गुणस्तरमा सुधारमा ध्यान केन्द्रित गरेको छ।

यो नीतिले सहरी परिप्रेक्षमा पनि आंशिक रुपमा, खास गरि निवेष एकिकरण तथा स्थानिय तहमा क्षमता बिकास संबंधमा, सहरी समुदायको खानेपानी तथा सरसफाई सेवा संबंधमा पनि केहि मार्गदर्शन गरेको थियो।तर यो सहरी खानेपानी तथा सरसफाई सेवाको सबै जटिल मुद्दा संबोधन गर्न असफल रहेको कारणले बेग्लै सहरी खानेपानी तथा सरसफाई नीति २०६६ तर्जुमा गरि जारि गरिएको थियो।

**सहरी खानेपानी तथा सरसफाई नीति २०६६:** यो सहरी खानेपानी तथा सरसफाई नीतिले संलग्न सबै क्षेत्रगत निकाय तथा संगठनहरुले सहरी क्षेत्रमा सुसंगत, सामंजस्यी र एकरुप कार्यदिशा सहितको क्षेत्रगत सेवा बिकासको  निमित्त यौटा छाता नीतिको खांचो पुर्ति गरेको छ। समयको मांग अनुरुप यो नीतिले लागत-उठती, सार्बजनिक-निजी-सहभागिता, क्षेत्रगत प्रभावकारीताको लागि सुधारिएको सेवा आपूर्तिलाई सहि परिप्रेक्षमा स्थपित गरेको छ।

यो नीतिले कार्यान्वयन तहमा मुलुकको सहरी खानेपानी तथा सरसफाईको चुनौतिलाई संबोधन गर्ने गरि थालनी गरिएका र यो नीतिको बिकासमा महत्वपूर्ण अन्तर्दृष्टि दिने ४ वटा कार्यक्रम पहिचान गरेको

थियो।यी स्याना सहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना (STWSSSP); काठमान्डौ उपत्यका खानेपानी क्षेत्र बिकास कार्यक्रम (KVWSSDP); सहरी बातावरण सुधार कार्यक्रम (UEIP) र एकिकृत सहरी बिकास आयोजना (IUDP) हुन्।

## ४.० समस्या र चुनौतीहरु

पछिल्ला समयमा यो क्षेत्रले खानेपानी तथा सरसफाईको आयोजना चक्रको सबै चरणका लागी थुप्रै सकारात्मक पाईलाहरु सहि दिशामा चाल्न सफल भएको छ।ग्रामीण उपक्षेत्रमा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन र दर्ता, प्राथमिकताका साथ खानेपानीको लागी पानीको स्रोत उपयोग गर्न अनुमति पत्र, माग-आधारित आयोजना कार्यान्वयन, जनसहभागिता तथा निर्णय प्रकृयामा महिला सहभागिता, आयोजनाको लाभ साझेदारीमा सामाजिक समावेसिता, निर्माण खर्चमा सामुदायको योगदान, सामुदायिक स्वामित्व र ब्यवस्थापन, आर्थिक रुपमा संभाब्य आयोजनाहरुमा समुदायको सहलगानी र लगानीको उठती, सरसफाई सेवा बिस्तारमा अधिकतम ध्यान केन्द्रीकरण, ईत्यादि उल्लेखनिय छन्।

त्यसै गरि नगर खानेपानी र सरसफाई कार्यको स्थानिय स्तरमा खानेपानी ब्यवस्थापन बोर्डबाट बिकेन्द्रिकृत ब्यवस्थापन, सार्वजनिक-निजी-साझेदारी कार्यदिशा, पूर्ण लगानी उठती, ब्यावसायिक शिद्धान्तमा आधारित महसूल निर्धारण आदि सहरी उपक्षेत्रको सुधारको लागी उठाईयका ठोस कदमहरु हुन्।

राष्ट्रीय योजनाहरुले खानेपानी तथा सरसफाई सुबिधा पुर्‍यउनका लागी निर्धारण गरेका लक्षहरु पुरा भएका छन्।जि.. स., गा. बि. स तथा नगरपालीकाहरु लाई खुला दिशा मुक्त क्षेत्र घोषणसा गर्ने अभियान सफलताका साथ अघि बढी रहेका छन् र कतिपय घोषणा भै पनि सकेका छन्।

माथि उल्लेख गरिएका सफलताहरुको श्रेय पछिल्ला दुई दशक भन्दा बढी समय देखि स्थापित उत्तम नीतिगत ढांचालाई दिन सकिन्छ।तथापि, बिगतमा चालिएका कतिपय कदमहरुलाई थप सुदृढिकरण र स्थयित्व गर्नु पर्ने हुंदा क्षेत्रमा थुप्रै समस्या र चुनौतीहरुको संबोधन हुन अझै पनि बांकी छन्।अझै संपन्न आयोजनाहरुको दिगोपना; सेवा स्तरोन्नति; सेवा न पुगेकाहरुलाई सेवा पुर्‍याउनु; गरिब तथा उपेक्षित बर्गको सेवामा पहुंच बृद्धि गर्नु; स्थानिय स्तरमा क्षमता अभिबृद्धि गर्नु; सामाजिक र बातावरणिय सुरक्षा; सहरी सरसफाईमा तिब्र सुधार; महिला, बालबालिका तथा शारिरिक चुनौती सहितका ब्यक्तिहरुको सार्बजनिक सेवामा पहुंच अभिबृद्धि, आदि जस्ता नञां उपागम (approach) साथ निपटिनु पर्ने गरि थप नञां नञां चुनौतीहरु देखा परेका छन्।

बिभिन्न क्षेत्रगत मुल्यांकनहरुबाट पहिचान गरिएका मुख्य-मुख्य समस्या तथा चुनौतिहरु निम्नानुसार बिषयगत शिर्षकहरुमा चर्चा गरिएका छन्, जसलाई सेवा संचालनको सबै तहमा दिगो रुपमा संस्थागत गर्न लागी अझै कामहरु गर्न बांकी नै छन्।

**४.१ प्राबिधिक कार्यदिशाहरु (approaches)**

**४.१.१ सहरी खानेपानी**

१. अधिकांश सहरहरुको खानेपानी सेवा पर्याप्त र संतोषजनक छेनन्। सहर तथा नगरहरुमा खानेपानी सेवामा सबैको पहूंच छैन, पानीको चाप न्यून छ, आपुर्ति अनाबिरल छ, थप घरेलु उपाय नगरि पानी पिउन योग्य छैनन्, गैर-आय पानीको परिमाण अधिक छ, र उपभोक्ता संतुष्टी न्युन छ। सबै जसो सहरी खानेपानी सेवाको उल्लेख्य सुधारको टड्कारो आवस्यकता छ।

२. खानेपानी आपुर्ति भनेको पिउने, खाना पकाउने, लुगा धुने र ब्यक्तिगत सरसफाईको जस्ता घरायसी उपयोगको लागी मात्र हो भनि बुझिने गरिन्छ। योजना बनाउदा, आगो निभाउन, सड्क सफा गर्न, हरियाली कायम गर्न, मनोरन्जन गर्न, सार्बजनिक प्याउ र सफाई सुबिधा ईत्यादि जस्ता नागरिक उपयोगलाई नजरअन्दाज गरिने गरिन्छ। त्यसै गरि संस्थागत र औद्योगिक क्षेत्रको, खास गरि अस्पताल, बिद्यालय, होतेल तथा ब्यवस्थित आवासिय क्षेत्रको, मांग आपुर्ति पनि सेवा प्रदायकको जिम्मेवारीको रुपमा बुझिने गरिंदैन।

३. तिब्र गति तथा अब्यवस्थित रुपमा बिकासित भै रहेका सहर तथा नगरहरुका स्थानिय पानीका स्रोतहरु, खासगरि पहाडी भुभागहरुमा, चांडै नि अपर्याप्त भएर जाने गर्द छन्। मौजुदा स्रोतहरु सालै पिच्छे घटदै गएका छन्। टाढा टाढाका मांथिका स्रोतहरुबाट तल पानी स्थानान्तर गर्दा खर्चिलो हुने र अनेकौ सामाजिक तथा बातावरणिय समस्या र चुनौति थपिने गर्द छ। मंहंगो जग्गा र कठिन भुबनौट ले गर्दा बर्सातमा प्रचुर मात्रामा उपलब्ध हुने पानीको स्थानिय भणडारण गरि सुख्खा याममा बितरण गर्न असहज देखिन्छ।

४. अनाधिकृत र अस्वस्थ बस्तिका बासिन्दाहरु आधारभुत खानेपनी तथा सरसपाई सेवा पाउनबाट उपेक्षित छन्।

**४.१.२ ग्रामिण खानेपानी**

५. यद्यपि पछिल्ला दशकहरुमा उल्लेख्य लगानी द्वारा जनसंख्याको खानेपानी उप-क्षेत्र पहूंचमा राम्रै उपलब्धि हासिल भएको छ, तर संपन्न योजनाहरुको दिगोपना भने ठुलै मुद्दाको रुपमा रहि आएको छ।

६. सड्क तथा राजमार्गले आवागमनमा सुबिधामा सुधारका कारणले थुप्रै नगर तथा बजारहरु बिकसित भैरहेका छन् र भविष्यमा थुप्रै अरु पनि बिकसित हुंदै जाने छन्।जनसंखया बृद्धि र मानिसहरुको जिवनस्तरमा सुधारको कारणले कतिपय ग्रामीण समुदायको निर्मित आधारभुत खानेपानी तथा सरसफाई सेवा बिल्कुलै अपर्याप्त भै सकेका छन्।

७. धेरै जसो पहाडी खानेपानी सुख्खा याममा अति न्युन बहाव भएका स-साना सतहगत र अर्ध-सतहगत पानीका स्रोतका अधारमा डिजाईन तथा संचालन गरिएका छन्।जबकि ती स्रोतहरुमा बर्षको धेरै महिनाहरुमा कईयौ गुना बढी बहाव हुने गरेको छ। यसता स्रोतहरु सुक्ष्म जलवायु परिवर्तन हुंदा वा जलाधार क्षेत्रमा प्राकृतिक वा मानविय कारणले गर्दा सुक्ष्म भुप्राबिधिक र बनस्पतिक परिवर्तनले गर्दा पुरै सुख्खा हुने गर्द छन्।

८. स्थानिय स्तरमा जलस्रोतको बैज्ञानिक तथा समुचित योजनाको अभावमा स्रोतको उपभोग बारे उपभोक्ता-उपभोक्ता बीच तथा पानी के प्रयोजनको लागि उयोग गर्ने बारे अक्सर बिवाद उठने गर्द छन्।

### ४.१.३ सहरी सरसफाई

९. अधिकांस सहरहरुमा सरसफाई सेवाको अवस्था अति नै खराब रहेका छन्।प्रसोधन बिना नै ढल पानीको स्रोतमा मिसाईने गरिन्छ।

१०. या त सहरका सघन आबादी भएका क्षेत्रहरुका लागि अनुपयुक्त हुने हुंदा मानविय मलमूत्रको सुरक्षित ब्यवस्थापन गर्ने स्थलगत सरसफाई प्रबिधि असफल भएका छन् वा स्थानिय निकायहरु सहरी बासिन्दाहरुबाट सरसफाईको नयूनतम मापदण्ड पालना गराउन प्रभावकारी हुन सकेका छैनन्।

११. धेरै जसो सहरी परिवेशमा निम्न लागतका ढल प्रसोधन संयन्त्रको निर्माणको लागि चाहिने ठूलो क्षेत्रफलको जग्गा उपलब्ध हुन कठिन छ।

१२. बिविध ब्यवस्थापकिय कमी कमजोरीहरुले गर्दा काठमान्डौ उपतयकाका मौजुदा केहि ढल प्रसोधन संयन्त्र मधये सबै जसो या त संचालनमा छैनन् वा पुरा उपयोगमा छैनन्। उपत्यका बाहिरका सहरहरुमा ढल प्रसोधन संयन्त्र छैनन्।

१३. कमजोर फोहरमैला ब्यवस्थापकिय अभ्यास सहर तथा नगरहरुको ढल प्रणाली संचालनमा समस्या थपि रहेका छन्।

१४. सहर तथा नगरहरुको सार्वजनिक स्थानहरुमा सार्वजनिक  सौचालयको अभाव छ र साथै मौजुदा सौचालयहरमा पर्याप्त पानीको र उचित ब्यवस्थाको अभाव छ।यसतो अब्यवस्थित सौचालयहरुले जनमानसमा खराब उदाहरण प्रस्तुत गर्द छन् र आफ्नो छरछिमेका सौचालय राख्न अनुत्प्रेरित गर्द छ।

### ४.१.४ ग्रामीण सरसफाई

१५. परम्परागत रुपमा ग्रामीण क्षेत्रहरुमा सरसफाई कार्यक्रमहरु खानेपानी आयोजनाहरुको सहकार्यक्रमका रुपमा संचालन गरिन्छ।फलस्वरुप आयोजना निर्माण पश्चात सहयोग र अनुगमन ब्यवस्था कमजोर देखिएको छ।

१६. ग्रामीण क्षेत्रमा सरसफाई प्रबर्धन कार्य मुख्यतया: स्वास्थ्य शिक्षा र पारिवारिक चर्पी र सेप्टीक ट्यांक निर्माण जस्ता स्थलगत सरसफाईमा केन्द्रित छ।तर स्थलगत सरसफाई संयन्त्रबाट निस्कने दुषित लेदोपानी स्वस्थ्य र सुरक्षित बातवरणीय तवरले ओसार्ने र थान्को लाउने फ्यांक्ने कार्यमा पर्याप्त ध्यान पुऱ्याउन सकिएको छैन्।

१७. मानव मलमूत्रबाट कृषि उत्पादनमा प्रयोग गर्ने मलको रुपमा स्रोत पुनर्प्राप्ति गर्ने सकिनेमा ध्यान पुर्याईएको छैन्।

१८. धेरै ग्रामीणच बिद्यालयहरुमा या त चर्पीको अभाव छ वा छंदै छैन।

१९. सड़कहरुमा सार्वजनिक सवारी बिसौनीहरुमा सार्वजनिक सौचालयहरुको सर्वथा अभाव छ।

२०. खानेपानीको सुधार साथ बृद्धि हुने फोहर पानीको पानीको ब्यवस्थापन गर्न अवस्यक पर्ने ढलको निर्माणलाई उचित प्राथमिकता दिईदैंन।

२१. ग्रामीण र खास गरि बिकासित भै रहेका ग्रामीण नगर क्षेत्रहरुमा फोहर मैलाको स्वस्थ ब्यवस्थापनको अभावमा सुधारिएको खानेपानी तथा सरसफाईबाट ग्रामीण बासिन्दाले पाउने लाभ संकुचित भएका छन्।

**४.२ लैङ्गिक समानता र सामाजिक समावेसिता**

२२. अझै पनि देशको केहि भागमा सुत्केरी र रजश्वला भएका महिला तथा दलितहरुलाई धारा छुन र पारिवारिक चर्पी प्रयोग गर्न नदिने रुढिबादी सामाजिक परम्परा बिद्यमान छ।

२३. कानूनत: अमान्य भएता पनि कतिपय ग्रामीण क्षेत्रहरुमा अछुत प्रथा अझै पनि कायम छ र अछुत भनिनेहरुलाई सार्वजनिक धारा र शौचालयको प्रयोग गर्नबाट बंचित गर्ने गरिन्छ।

२४. सार्बजनिक सौचालयहरु महिला, बालबालिका तथा सारीरिक चुनौती भएका ब्यक्तिहरुका लागि उपयोग-मैत्री छैनन्।

२५. बिद्यालय सौचालयहरु छात्रा तथा सारीरिक चुनौती भएका ब्यक्तिहरुका लागि उपयोग-मैत्री छैनन्।

२६. गरिब र पिछडिएका बर्गलाई खानेपानी संरचना निर्माण गर्दा ब्यहोर्नु पर्ने अग्रिम नगद तथा श्रम-सहयोग, धारा जडान दस्तुर र लगानी-उठतीमा आधारित महसुलले ठुलो भार पर्ने गर्द छ।

२७. सहर तथा ग्रामीण दुवै क्षेत्रका गरिब र पिछडिएका बर्गलाई सरसफाई संरचना र पारिवारिक चर्पी निर्माण खर्च ब्यहोर्दा ठुलो भार पर्ने गर्द छ।

**4.3 बातावरणीय बिषयहरु**

२८. बिश्व जलवायु परिबर्तनले गर्दा खानेपानी सेवा अपर्याप्त वा बंद नै हुने गरि पानीका स्रोत घटने र सुक्ने संभावना बढाएको छ।यस्तो संभावना अति कम पानी भएका स-स्याना स्रोतका आधारमा डिजाईन र निर्माण गरिएका आयोजनामा बढी हुने गर्द छ।

२९. खानेपानी मुहान प्रभावित परिभषित र सीमांकित न गर्ने गरिन्दा  सेवा प्रदायकहरु जलाधार क्षेत्रको बनबिनास र मुहानको प्रदूषण रोक्न असमर्थ छन्।

३०. पर्याप्त र प्रभावकारी ढलनिकास तथआ सरसफाई सेवाको अभावमा सहर तथा नगरहरुको भुमिगत तथा सतह स्रोतहरु बिभिन्न किसिमले प्रदुषित भै रहेका छन्।

३१. खानेपानी तथा सरसफाई सेवा निर्माण तथा संचालन गरिंदा बातावरणिय पक्षलाई अधिकतम बेवास्ता गर्ने गरिन्छ।

**४.४ लगानी उठती र ब्यय भार बहन सामर्थ्यता**

३२. लगानी उठती सहयोगी नीति र कानूनी प्रावधानको अभावमा निजी क्षेत्र तथा बितिय संस्थआहरु आर्थिक संभाब्यता भएका आयोजनाहरुमा लगानी गर्न असमर्थ छन्।

३३. समग्रमा समानरुपले लगानी उठती नीति लागू गर्दा न्यून आय भएका समुदायहरु न्यून सेवास्तर र रुढिबादी दिजाईन रोज्ने तिर अग्रसर हुन्छन्।

३४. सामान्यतया: धेरै सहरी तथा सबै ग्रामीण समुदायहरु अधिक लागत र संचालन खर्चका कारण प्रसोधन सहितको ढलनिकास सेवामा पूर्ण लगानी उठतीको ब्ययभार बहन गर्न असमर्थ छन्।

**४.५ मर्मत संभार तथा संचालन**

३५. अक्सर निर्माण गर्दा, त्यसमा पनि ग्रामीण क्षेत्रमा, कमसल निर्माण सामग्री र कार्य-कुसलता प्रयोग हुने गर्दा मर्मत संभार तथा संचालन खर्च बढी हुने गर्द छ।

३६. सामान्यतया: धेरै जसो सहरी तथा ग्रामीण खानेपानी तथा सरसफाई सेवाको महसुल दर न्यून हुने गर्दा कर्मचारीको पारिश्रमिक, उर्जा, रासायनिक, मर्मत संभार तथा अन्य खर्चको लागि उठने राजस्व अपर्याप्त हुने गर्द छ।

37. सामान्यतया:ठुला खानेपानी तथा सरसफाई सेवा-संगठनहरुका केन्द्रीय तथा क्षेत्रिय कार्यालयहरुमा अवस्यकता भन्दा बढी कर्मचारी कार्यरत छन्।र तिनका बिभाग तथा शाखाहरुमा कार्यभार अनुसार संतुलित रुपमा कर्मचारी कारयरत छैनन्।

३८. अग्रिम मर्मत संभार योजना तर्जुमा गर्ने गरिदैन र सामान्यतया: निरोधात्मक मर्मत संभारको सट्टा  उपचारात्मक मर्मत संभारलाई ग्राह्यता दिईन्छ।

३९. मर्मत संभार पराबिधिज्ञहरु, त्यसमा पनि बढी ग्रामीण क्षेत्रहरुमा, दक्षताको कमी छ र तिनिहरु उपर पर्याप्त सुपरिवेक्षण पुग्दैन।

४०. मर्मत संभार कार्य बाहिरबाट गराउने प्रचलन कम छ र धेरै जसो कार्यहरु संगठन भित्रैका नियमित वा दिर्घकालिन नियुक।त कर्मचारीबा ठ गराईन्छ।

४१. सरसफाई सेवाको मर्मत संभारले न्युन गाह्र्यता पाउने गर्द छ।

४२. ऊच्च बिद्युत महसुल र राष्ट्रीय बिद्युत आपूर्तिमा न्यूनताले गर्दा प्रति दिन भारी बिद्युत आपूर्तिमा हुने कटौतीले गर्दा बिद्युतमा आधारित खानेपानी तथा सरसफाई सेवा संचालन नराम्ररि प्रभावित भएका छन्।

**४.६ संस्थागत बिषयहरु**

४३. खानेनेपानी तथा सरसफाई सेवाको बिकासलाई निर्दिष्ट गर्ने गुरु-योजनाको अभावमा नगरपालीकाहरुमा हचुवा र तात्कालिक समस्या समाधान हुने गरि सेवा बिस्तार गर्ने गरिन्छ।

४४. स्थानिय निकाय तथा क्षेत्रगत निकायहरु बिच खानेपानी तथा सरसफाई सेवाको बिकास, संचालन, अनुगमन र नियमन संबंधित भुमिका र जिम्मेवारीमा स्पष्टताको अभाव छ।

४५. सहरी तथा ग्रामीण दुवै क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा आपूर्तिमा संलग्न क्षेत्रगत निकायहरु बीच समन्वयको अभावले प्रयासमा दोहरोपन र दुरुह स्रोतको दुरुपयोग हुन गएका छन्।

४६. बिभिन्न, खास गरि ग्रामीण उप-क्षेत्रमा संलग्न, निकायहरुले आयोजना तर्जुमा र कार्यान्वयनमा अपनाउने फरक-फरक कार्यदिशाले गर्दा जन-साधारण बिच अन्योल ल्याउने र निकायहरु बिच अस्वश्थ प्रतिस्पर्धालाई प्रोत्साहन दिने गर्द छ।

४७. सरकारले ने. खा. पा. सं. ले संचालन गरि रहेका सहर तथा नगरहरुमा खा. पा. ब्य. बो. गठन द्वारा सुरु गरेको संस्थागत सुधारका कारण संस्थानको सेवामा सुधार ल्याउन चाहिने लगानीमा प्रतिकुल प्रभाव पारेको छ।

४८. दक्ष जनशक्ति र आर्थिक स्रोतको अभावमा स्थानिय निकायहरु स्वायत्य साशन ऐन र नियमावलीले निर्दिष्ट गरे अनुसार गांउ, नगर तथआ शहरुमा खानेपानी तथा सरसफाई सेवाको जिम्मेवारी बहन गर्न असमर्थ प्राय: छन्।

४९. स्वायत्त साशन ऐन र नियमावलीले बिकेन्द्रिकृत खानेपानी प्रसाशनिक संरचनाको जगको रुपमा स्थापित भैसकेको खानेपानी उपभोक्ता समुह जस्तो स्थानिय संस्थाको भुमिकालाई पर्याप्त महत्व दिन समेको छैन्।

५०. खानेपानी तथा सरसफाई उपभोक्ता समितिको, बिशेष गरि ग्रामीण क्षेत्रका, योजना, कार्यान्वयन तथा संचालन निर्णय प्रकृयामामा प्रभावकारी सहभागीता र सेवाको ब्यावसायिक प्रबन्ध क्षमता सुदृढ़ गर्ने प्रयास पर्याप्त छैनन्।

५१. प्रयासमा दोहरोपना र स्रोत-साधनको बर्बादी हुने गरि सबै तहका बिभिन्न कार्यान्वयन निकायहरु, सेवा प्रदायक तथा सेवा नियामक बिचको समन्वय कमजोर र अप्रभावकारी छन्।

५२. स्थानिय निकायहरु सहर तथा नगरहरुमा फोहर मैला अब्यवस्थापन समेत सबै अस्वश्थकर अभ्यासहरु निषेध गरि सहरी सरसफाई कार्यको प्रभावकारी संबोधन गर्न धेरै हद सम्म असमर्थ छन्।

## ४.७ कानूनी प्रावधान

५३. जलस्रोत ऐन अन्तर्गत जारी भएको खानेपानी नियमावली खानेपानी तथा सरसफाई जस्तो बिस्तृत र बहुआयामिक सामाजिक र आर्थिक पक्षलाई समेट्न अपर्याप्त रहेको महसूस गरिएको छ।यस्को मातृ कानून, जलस्रोत ऐन, मूलभूत रुपमा सतह स्रोतहरु को संरक्षण तथा संबर्धन गरि जलस्रोतको उपयोगलाई नियमन गर्न जारी गरिएको थियो।

५५. मौजुदा नियमन कानून, खानेपानी महसुल निर्धारण आयोग, पर्याप्त र प्रभावकारी रुपले सेवा प्रदायकबाट सुलभ र निरन्तर सुरक्षित खानेपानी सेवा प्राप्त गर्ने उपभोकताको अधिकारको रक्षा गर्नाका साथै तिनिहरुलाई सेवाको उपयोग जिम्मेवार भई गर्न जागरुक गराउन कमजोर रहेको महसूस गरिएको छ।ग्रामीण खानेपानी तथआ सरसफाई सेवा संबंधमा खा. पा. म. नि. आ. को क्षेत्राधिकार सामान्यतया: अनस्पष्ट छ।

## ५.० नयाँ नीतिको आवस्यकता

यो नयाँ खानेपानी तथा सरसफाई नीति ग्रामीण खानेपानी तथा सरसफाई राष्ट्रीय नीति २०६० र सहरी खानेपानी तथा सरसफाई नीति २०६६ नांऊका दस्तावेजको संसोधित र सम्मिलित रुप हो।निम्न कारणहरुले मौजुदा नीतिहरुको संशोधन र सम्मिलनको आवस्यकता परेको हो।

यौटै खानेपानी तथआ सरसफाई नीतिको आवस्यकता

१. ग्रामीण तथा सहरी नीतिहरु बेग्ला बेग्लै समयमा आवस्यकतानुसार सुत्रबद्ध गरिएका हुन्।धेरै जसो ग्रामीण तथा सहरी क्षेत्रका मुद्दाहरु समान भएकाले दुवैलाई अद्यावधिक गर्दा दुवैलाई सम्मिलन गर्न पनि अवसर जुरेको हो।

<u>सहरी र ग्रामीण खानेपानी तथा सरसफाई नीति अध्यावधिक गर्नु पर्ने आवस्यकता</u>

२. सहरी र ग्रामीण खानेपानी तथा सरसफाई नीतिहरु बेग्ला बेग्लै समयमा लेखिएको कारणले गर्दा तिनका बीच असंगति र असामन्जस्यता भएको देखिएको छ।

३. सहरी तथा ग्रामीण दुवै क्षेत्रमा सप्रंदो आर्थिक अवस्था र जिवन स्तर, बढ्दो जागरुकता, र बदलिंदो जिवनशैलीले गर्दा दिनानुदिन सुधारिएको खानेपानी तथा सरसफाई सेवाको बढ्दो माग संबोधन गर्नाको लागि नीतिहरुको परिमार्जन र अध्यावधिकरण आवस्यक भएको थियो।

४. समयान्तरमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हासिल भएका क्षेत्रको संचालन र प्राविधिक अनुभवहरुलाई राष्ट्रिय नीतिमा समेट्न आवश्यक भएको थियो।

५. प्रयासमा दोहरोपना न्युनिकरण र क्षेत्रगत स्रोत-साधनको प्रभावकारी उपयोग गरि क्षेत्रका सबै निकायहरुको कार्य संपादनमा सामन्जस्यता र एकरुपताको लागि एकै उद्देश्य, लक्ष र कार्यदिशा प्रदान गर्न नीतिलाई सुदृढ़ पार्न आवश्यक भएको थियो।

६. सेवाप्रदायककलाई आफूले प्रदान गर्ने सेवामा सुधार ल्याउन सहजिकरण गर्न र सेवाग्राहीहरुलाई उपलब्ध सेवाबाट अधिकतम लाभ लिन सेवा प्रदायक तथा सेवग्राहीहरुलाई आफ्नो कर्तब्य र जिम्मेवारी अझै बढी स्पष्ट पार्न आवश्यक भएको थियो।

७. सहरी ढलनिकास प्रणालीमा लगानीको अभावमा बिग्रदै गएको सहरी बातावरणमा सुधार ल्याउन गर्न ढल र प्रशोधन संयन्त्र सहितको सहरी सरसफाईमा थप जोड़ दिन आवश्यक भएको थियो ।

८. अभिप्रायित उद्देश्य र लक्ष प्राप्तिकोलागि मौजुदा नीति प्रभावकारी र पर्याप्त भएको योग्यताको पुनरावलोकन आवश्यक भएको थियो।

## ६.० लक्ष

यस खानेपानी तथा सरसफाई नीतिको लक्ष दिगो खानेपानी तथा सरसफाई सेवाको ब्यवस्थाबाट समावेशी सामाजिक-आर्थिक बिकास, सर्वसाधारणको स्वास्थ्य र जिवनस्तरमा गुणात्मक सुधार तथा बातावरणिय संरक्षणको सुनिश्चितता द्वारा सहरी तथा ग्रामीण क्षेत्रमा गरिबी न्युन गर्नु रहेको छ।

## ७.० उद्देश्यहरु

१. सेवास्तर समेत किटान गरि निम्न बमोजिमका जनसंख्यालाई सेवा पुऱ्याउने लक्ष पुरा गरि सबैको सुरक्षित र पर्याप्त खानेपानी तथा सरसफाई सेवामा पहूंच सुनिश्चित गर्ने;

खानेपानी

- ई. २०१७ सम्म सत प्रतिशत जनसंख्यालाई आधारभुत स्तरको सेवा पुऱ्याउने, जस मध्ये २५ % ले पाउने सेवास्तर मध्यम देखि उच्च स्तरको हुने[१]।
- ई. २०२७ सम्म सत प्रतिशत जनसंख्यालाई मध्यम देखि उच्च स्तरको सेवा पुऱ्याउने[२]।

सरसफाई

- ई. २०१७ सम्म सत प्रतिशत जनसंख्यालाई आधारभुत स्तरको सेवा पुऱ्याउने, जस मध्ये १० % ले पाउने सेवास्तर मध्यम देखि उच्च स्तरको हुने[१]।
- ई. २०२७ सम्म सत प्रतिशत जनसंख्यालाई मध्यम देखि उच्च स्तरको सेवा पुऱ्याउने[२]।

---

[१] National target of National Water Plan (2002-27)

[२] मध्यम तथा उच्च स्तरिय सेवाको प्रस्तावित लक्ष।

नोट: सेवास्तरको परिभाषाको लागि परिशिष्ठ १: शब्द तथा परिभाषा सूची हेर्नु होस।

२. सबै तहको निर्णय प्रकृयामा आफ्नो सारोकारका बिषय स्पष्टताका साथ राख्न सकने गरि सेवाग्राही, खास गरि महिला, निर्धन, तथा सिमान्तिकृत समुदायको सहभागिता सुनिश्चित गर्ने;

३. अस्वश्थकर तथा अनाधिकृत बस्तीका बासिन्दा, साररिक असक्षमता भएका ब्यकति का साथै महिला, निर्धन, तथा सिमान्तिकृत समुदायको खानेपानी तथा सरसफाई सेवामा निर्बाध पहूंच सुनिश्चित गर्ने;

४. उपयोगमा रहेका तथा उपयोगको संभावना रहेका खानेपानीका सतही तथा भुमिगत स्रोतहरु सुरक्षित गर्ने, बिकसित गर्ने र ब्यवस्थापन गर्ने;

५. सतही र भुमिगत पानीलाई फोहर पानी द्वारा प्रदुषित हुनबाट जोगाउने;

६. लागत-प्रभावी बैकल्पिक प्रविधिका अभिबृदद्धि गर्ने;

७. खानेपानी तथा सरसफाई सेवा पुर्‍याउन योजना तर्जुमा, कार्यान्वयन र ब्यवस्थापन गर्न स्थानिय स्तरको संस्थागत क्षमता अभिबृद्धि गर्ने;

८. सक्षम सेवाग्राहीबाट लागत अधिकतम उठाउने;

९. सेवा संचालक वा सेवा प्रदायकले सेवा संचालन तथा मर्मत-संभार खर्च पुग्ने गरि महसूल उठाउन पाउने;

१०. सार्वजनिक-निजी सहभागिता र क्षेत्रगत बिकासमा राष्ट्रीय बित्तिय संस्थानहरुको लगानी अभिबृद्धि गर्ने;

११. क्षेत्रगत निकायहरु बीच समन्वय र तिनको सेवा प्रदान कुशलता अभिबृद्धि गर्ने; र

१२. दिगो सेवा प्रवाहको लागि, बातावरणको सुरक्षा, सेवाग्राहीको स्वार्थ रक्षा र संस्थागत भुमिका र जिम्मेवारी स्पष्ट गर्न कानूनी संरचना सुदृढ गर्ने।

## ८.० नीतिहरु

यो नीतिले खानेपानी तथा सरसफाई सेवाको - जसको लक्ष निर्धन तथा सिमान्तिकृत समुदाय सहित समस्त सेवाग्राहीलाई धान्न सक्ने मुल्यमा सुरक्षित, भरपर्दो, पर्याप्त र सुघ्रिएको सेवा पुर्‍याउने रहेको छ - कार्यक्षेत्र आधारभुत मानविय आवस्यकता परिपुर्ति गर्ने मात्र भन्दा पनि बिस्तृत भएको स्वीकार गर्द छ। आवस्यकतानुसारको पुर्वाधार, उपयुक्त सांगठनिक संरचना, बिवेक सम्मत लागत-असुली, अनुकुल बित्तिय बातावरण, निर्णय प्रकृयामा उपभोक्ताको पुर्ण सहभागिता र नीजि क्षेत्रसंग फलदाई साझेदारी दिगो तवरको क्षेत्रीय उद्देश्य प्राप्तिको लागि मुल तत्व भएको कुरो स्वीकार गरिएको छ।यो नीतिले वातावरणिय सुरक्षाको लागि प्रभावकारी उपायहरु अपनाउने लक्ष लिनुका साथै मांग र आपुर्ति ब्यवस्थापन द्वारा खानेपानीको अन्य प्रतिस्पर्धी उपयोगहरु संग संतुलन कायम गर्नमा जोड़ दिएको छ।

यस बिषयमा मुख्य सैद्धान्तिक नीतिहरु यसरी रहेका छन्:

१, **<u>आधारभुत सेवामा पहुंच:</u>** नेपाल सरकारले खानेपानी सेवालाई एक मानिसको मौलिक अधिकार भनि स्वीकार गरेको छ।हाल सम्म ठुलो जनसंख्यालाई आधारभुत खानेपानी तथा सरसफाई सेवा पुर्‍याउन उल्लेखनिय सफलता प्राप्त गरि सकेको छ र ई० २०१७ सम्म शिघ्र सबैलाई पुर्‍याउन बचनबद्ध छ।(उद्देश्य १)

२. **<u>सेवा स्तरोन्नति:</u>** बढ्दो जागरुकता र सामान्यतया: सुध्रदो आर्थिक अवस्थाले गर्दा ग्रामीण तथा सहरी क्षेत्रका जनसंख्या आधारभुत भन्दा उच्च स्तरको सेवाको आकांक्षा राख्द छन्। यस्तो आकांक्षा परिपुर्ति गर्नाको लागि नेपाल सरकारले चरणबद्ध रुपमा मौजुदा सबै खानेपानी तथा सरसफाई सेवालाई ई० २०२७ सम्ममा मध्यम तथा उच्च तहमा स्तरोन्नति गर्ने छ। (उद्देश्य १)

३. **<u>बिग्रिएका योजनाहरुको पुनर्स्थापन:</u>** आधा भन्दा बढी मौजुदा खानेपानी योजनाहरु संचालनमा नरहेका वा आंसिक रुपमा संचालनमां रहेका बताईन्छ। त्यसै गरि सहरी तथा ग्रामीण दुवै क्षेत्रका धेरै संस्थागत तथा सारवजनिक सरसफाई संरचनाहरुको संचालन तथा ब्यवस्थापन निम्न कोटीका छन्। नेपाल सरकारले यस्ता संचालनमा नरहेका वा आंसिक रुपमा संचालनमां रहेका मौजुदा खानेपानी तथा सरसफाई सुबिधाहरुको पुनर्स्थापनलाई उच्च प्राथमिकता दिने छ। (उद्देश्य १)

४. **<u>निर्णय प्रक्रियामा सेवाग्राहीको संलग्नता:</u>** निर्णय प्रक्रियामा सेवाग्राहीको संलग्नताको हकमां भने हाल सम्म केहि प्रगति भएका छन्। बिगतका अनुभवका आधारमा सेवा योजना तर्जुमा देखि संचालन र ब्यवस्थापन सम्म सबै महत्वपुर्ण र कठिन निर्णयहरुमा सामुदायिक परामर्श प्रक्रियालाई बिस्तारित र सघनीभुत गरि अझै वढी उन्नत र थप प्रभावकारी बनाईने छ।महिला, गरिब, सिमान्तिकृत समुहका जनसमुदायलाई निर्णय प्रकृयामा संलग्न गराउन बिशेष ध्यान केन्द्रित गरिने छ। (उद्देश्य २)

५. **<u>सबैको सेवामां पहुंच:</u>** कतिपय अवस्थामा गरिब, सिमान्तिकृत र सुकम्बासीहरु लाई कुनै न कुनै कारणबाट उन्नत खानेपानी तथा सरसफाई सुबिधाको लाभबाट बंचित गराईन्छ। विद्यालय तथा सार्वजनिक सौचालय हरु छात्रा, महिला तथा असक्त अमैत्री छन्। सबैको खानेपानी तथा सरसफाई सुबिधामा समान पहुंच सुनिश्चित गर्न सबै उपाय अपनाईने छ। (उद्देश्य ३)

६. **<u>खानेपानी स्रोतको सूरक्षण र संरक्षण:</u>** सहरी तथा ग्रामीण खानेपानीका स्रोतका जलाधार क्षेत्रहरु मानव अतिक्रमणबाट सर्बत्र असुरक्षित छन्, जो स्रोत प्रदुषण, स्रोत न्युनीकरण र स्रोत उपयोग संबन्धि बिवादका सामान्य कारणहरु हुन्। तसर्थ मानव कृयाकलाप बाट खानेपानीको गुणस्तर र परिमाणमा प्रतिकुल प्रभाव पार्नबाट जोगाउन सबै सबै खानेपानी स्रोतहरुलाई सुरक्षित गर्न उचित उपायहरुको अनुसरण गरिने छ।त्यसै गरि खानेपानी स्रोतको पानीको गुण बृद्धि गर्न संरक्षण बिधि उन्नत पारिने छ।।(उद्देश्य ४)

७. **<u>सतह तथा भुमिगत पानीको स्रोत फोहरपानी प्रदुषणबाट सुरक्षित गर्ने:</u>** पानीका सबै सतह स्रोतहरुमा, खासगरि सहरी क्षेत्रमा, अप्रसोधित फोहरपानी मिसाउदा वा स्थलगत सरसफई संयन्त्रहरुबाट निस्कने दुषित लेदोपानी फाल्दा अत्यधिक प्रदुषित भएको पाईन्छ।सहरी तथा ग्रामीण क्षेत्रहरुमा सेप्टीक ट्यांक र खालडे चर्पी जस्ता स्थलगत सरसफाई संयन्त्रहरुको बाक्लो अवस्थितिले भुमिगत पानी प्रदुषणको खतराबाट युक्त बनाएको छ।तसर्थ सतह र भुमिगत पानी लाई प्रदुषणबाट जोगाउन चरणबद्ध रुपमा उपयुक्त उपायहरुको अवलम्बन गरि फोहरपानी यस प्रकारको खतरा न्युन गरिने छ।(उद्देश्य ५)

८. **<u>वातावरण कानूनहरुको पालना:</u>** खानेपानी तथा सरसफाई आयोजनाको निर्माण तथा संचालनमा प्रचलित वातावरण कानूनहरुको कमजोर पालना स्थानिय स्तरमा वातावरणिय ह्रासको कारक रहेको र साथै विश्व जलवायु परिबर्तनमा सघाउ गरेको कुरोको बढ़दो रुपमा आत्मसात गरिंदै छ।यस्तो कमी कमजोरीको गम्भिरताट पुर्वक मनन गरि विद्यमान कानूनहरुको कढाईका साथ पालना भएको सुनिश्चित गर्न उपयुक्त उपायहरुको अवलम्बन गरिने छ। (उद्देश्य ५)

९. **<u>लागत-प्रभावकारी तथा ब्ययभार बहन योग्य बैकल्पिक प्रविधि उपयोग:</u>** नेपाली आर्थिक-सामाजिक परिवेशमा खानेपानी तथा सरसफाई सेवा बन्दोबस्त गर्दा औद्योगिक राष्ट्रहरुले जस्तो उन्नत प्रविधिको प्रयोग अक्सर ब्ययभार बहन योग्य नरहेको पुष्टि भई सकेका छन् र साथै उच्च लगानी र संचालन खर्चले गर्दा सेवाको पहुंच बिस्तार कार्यमा ब्यावधान पुर्‍याउंछ।फोहरपानी प्रसोधन प्रविधिको हकमा त यो कुरा बढी लागु हुन्छ। यो अवस्थाबाट पार पाउन बैकल्पिक लागत-प्रभावकारी तथा ब्ययभार बहन योग्य बैकल्पिक प्रविधिको उपयोगलाई बढावा दिईने छ। यद्यपि यस्ता प्रविधिले भने संधै औद्योगिक राष्ट्रहरुको मापदण्ड पुरा गर्ने खालका हुने छैनन्। (उद्देश्य ६)

१०. **<u>स्थानिय संस्थाहरुको सबलीकरण:</u>** खा. पा. स. उ. सं., खा. पा. ब्य. बो., ने. खा. पा. सं. शाखा, गै. स. स., सामुदायिक संस्थाहरु जस्ता स्थानिय संस्थाहरुको खानेपानी तथा सरसफाई सेवा प्रभावकारी ढंगले प्रवाह गर्ने क्षमता अभिबृद्धि गर्न तिनको सबलीकरण आवस्यक भएको छ। खास गरि धैरै आयोजनाहरु संचालित भै नरहेकाले ग्रामीण क्षेत्रका खा. पा. स. उ. सं., हरुको सबलीकरणमा तत्काल ध्यान पुर्‍याउनु परेको छ। नेपाल सरकारले खानेपानी तथा सरसफाई सेवा आयोजनाको प्रभावकारी तर्जुमा, विकास र ब्यवस्थापनमा सक्षम तुल्याउन स्थानिय संस्थाहरुलाई सबल पार्ने कुरा उच्च प्राथमिकता दिने छ। (उद्देश्य ७)

११. **स्थानिय निकायहरुको सबलीकरण:** साधारणतया: स्थानिय निकायहरुमा स्था. स्वा. शा. ऐन र नियमावलीले खोजे जस्तो कार्य प्रभावकारी र पर्याप्त ढंगले संपादन गर्न आवस्यक विज्ञता र साधनको अभाव छ। नेपाल सरकारले क्षेत्रगत कृयाकलाप संबन्धी योजना तर्जुमा, पर्यवेक्षण, संयोजन र अनुगमनमा केन्द्रीय भुमिका निर्वाह गर्न सक्षम पार्न स्थानिय निकायहरुलाई सबल बनाउन ठोस उपायहरुको अवलम्बन गर्ने छ। (उद्‌देश्य ७)

१२. **क्षेत्रगत बिकासमा गै. स. स. को भुमिका भढाउने:** नेपइल सरकारले क्षेत्रगत विकाशमा, खास गरि सामाजिक परिचालनको भुमिका निभाउनमा, गै. स. स. को योगदानको कदर गरेको छ। तर क्षेत्रगत निकायहरुमा गै. स. स. को संलग्नताको स्तर, कार्यक्षेत्र र योगदानको आयोजनाका अन्य गतिबिधिसंग सामन्जस्यतामा ठुलो अंतर रहि आएको छ,।नेपाल सरकारले सबै क्षेत्रगत निकायहरुमा समान र निश्चित न्युनतम संलग्नता रहने गरि क्षेत्रमा गै. स. स. को भुमिका र जिम्मेवारी बढाउन थप कदम चाल्ने छ। (उद्‌देश्य ७)

१३. **सेवा संरचना निर्माणमा सहलगानी:** खानेपानी तथा सरसफाई सेवालाई आधारभुत मानविय आवस्यकताको रुपमा ग्रहण गरि नेपाल सरकारले बिगत चार दशक देखि यस क्षेत्रमा आधारभुत सेवाको लागि नेपाल सरकारले ठुलो लगानी गरि सकेको छ। तर जन समुदायले ब्ययभार बहन गर्न सक्ने जति मुल्यमा आधरभुत भन्दा माथिको स्तरको सेवा खोज्ने गरेका छन्; जुन उत्साहजनक रहेको कुरो बिगतको प्रयोगले पुष्टि गरि सकेको छ। बिगतको अनुभवबाट सेवा स्तरको आधारमा नेपाल सरकारले बिभिन्न सहलगानीको बिकल्प अपनाउने छ। (उद्‌देश्य ८)

१४. **दिगो सेवा प्रवाहको लागि पर्याप्त महसूल:** सामान्यतया: खानेपानी तथा सरसफाई सेवाको महसूल अपर्याप्त हुने गरि निर्धारण गर्ने प्रचलित परिपाटीले गर्दा सर्वत्र निर्मित सेवा प्रणाली दिगो नहुने र उपभोक्तालाई प्रवाह गरिने सेवामा प्रतिकुल प्रभाव पारेको कुरो नेपाल सरकारल स्वीकार गर्द छ। यस प्रकारको असंगत स्थितिबाट मुक्त हुन नेपाल सरकारले ब्यावसायिक सेवा प्रदायकद्‌वारा निरन्तर आवस्यक स्तरहको सेवा प्रवाह गर्न लिने सबै अग्रसरता प्रति सकारात्मक रहने र निर्मित सेवा प्रणालीको दिगोपना जोखिममा पर्न नदिनाको लागि सामुदायिक सेवा प्रदायकहरुलाई पर्याप्त महसूल निर्धारण गर्न सहजिकरण गर्ने छ।(उद्‌देश्य ९)

१५. **<u>खानेपानी सेवा प्रवाहमा निजी क्षेत्रको सहभागिता:</u>** साधारणतया खानेपानी आपुरति नाफामुलक ब्यवसाय भएको कुरा काठमान्डौ उपत्यकामा आंशिक रुपमा खानेपानी आपुर्तिमा भएको कमी पुरा गर्न निजी क्षेत्रद्वारा संचालित नाफायुकत टैंकर सेवाहरुले देखाएको छ। यद्यपि यसले निजी क्षेत्रले सहरी खानेपानी उपक्षेत्रमा लगानी गर्ने केहि संभाब्यता रहेको तर्फ ईंगित गर्द छ, तर तिनिहरुलाई खानेपानी पुर्वाधार बिकास तथा सेवा संचालनमा लगानी गर्न उपयुक्त वाताबरण सृजना गरिएको छैन।तसर्त नेपाल सरकारले क्षेत्रको विकासमा निजी क्षेत्रको साझेदारीको संभावना रहेको कुरा स्वीकार गर्दै सहरी खानेपानी सेवा प्रवाहमा निजी क्षेत्रको सहभागिताको लागि उपयुक्त वाताबरण सृजना गर्ने छ।(उद्देश्य १०)

१६. **<u>बैंक तथा बित्तिय संसथाहरु मार्फत क्षेत्रगत लगानी:</u>** नेपाल सरकारले खानेपानी योजना निर्माणको लागि स्थानीय निकायको प्रत्याभुतिमा स्याना तथा उदियमान नगरहरुका खा. पा. स. उ. सं. लाई न. बि. को. मार्फत निर्माण लागतको ४५ % सम्म ऋण लिन सक्ने तुल्याई सकेको छ।यस्तो पहलको सफलताको आधारमा, नेपाल सरकारले बैंक तथा बित्तिय संस्थाहरु मार्फत खानेपानी तथा सरसफाई क्षेत्रको बिकासको लागि खा. पा. स. उ. सं., खा. पा. ब्य. बो., कंपनी तथा स्थानीय निकायहरुलाई लगानी-ऋण उपलब्ध गराउन सहज वाताबरण सृजना गर्ने छ। (उद्देश्य १०)

१७. **<u>क्षेत्रगत समन्वय:</u>** नेपाल सरकारले क्षेत्रगत समन्वयको बिषयलाई बिगत कईयौ वर्ष देखि नै गम्भिरता पुर्वक लिंदै आएको छ।एक राष्ट्रीय सरसफाई तथा स्वास्थ्य निर्देसन समिति (NSHSC) तथा एक एक राष्ट्रीय सरसफाई तथा स्वास्थ्य समन्वय समिति (WASH CC) र केन्द्रीय, क्षेत्रिय, जिल्ला, नगरिय तथा गा. बि. स. स्तरमा खानेपानी, सरसफाई तथा स्वाश्थ्य समन्वय समितिहरुको गठन भै सकेका छन्। क्षेत्रको समन्वयात्मक तथा सामन्जस्यात्मक रुपले बिकास तथा सामुहिक कार्य संपादन मुल्यांकन गर्न दातृ र राष्ट्रिय सरोकारवालाहरु सम्मिलित एक क्षेत्रगत सारोकार समुहको (SSG) पनि स्थापना भएको छ। यस प्रकारको पहलकदमीबाट क्षेत्रगत समन्वयमा आएको सुधारले उत्साहित भएकोले नेपाल सरकारले पर्याप्त जिम्मेवारी साथ यी संस्थाहरुलाई स्थायित्व दिएर सुदृढ पार्न ठोस कदम चाल्ने छ। (उद्देश्य ११)

१८. **<u>सारोकार वालाहरुको स्पष्ट भुमिका तथा जिम्मवारी:</u>** खानेपानी तथा सरसफाई सेवा संरचनामा नेपाल सरकारको अधिन रहने र उपभोक्ता संस्था संचालक रहने परम्परागत ब्यवस्थाले सेवा प्रवाहको बिकास र उन्नतिका लागि समुदायलाई सरकारमा आश्रित

गराएको छ।त्यसै गरि स्थानिय स्वायत्त साशन ऐन र नियमावलीले स्थानीय निकायलाई दिएको भुमिका र जिम्मेवारीबाट पन्छ्याएको छ।तसर्थ नेपाल सरकारले आफ्ना निकाय, स्थानीय निकाय र उपभोक्ता संस्थाहरुको बिच सेवा तथा संपत्तिको स्वामित्व, संचालन, बिकास र उन्नतिको लागि भुमिका र जिम्मेवारिको स्पष्ट किटान गर्ने छ ।(उद्देश्य ११)

१९. **सेवा बिकासमा क्षेत्रब्यापी कार्यदिशा (approach):** सेवा प्रवाहमा परम्परागत अलपकालीन आयोजनामुखी कार्यदिशाको अनुसरणद्वारा नीतिगत संवादको बिस्तार, एकै नीतिको अनुसरण, साझा यथार्थपरक खर्च कार्यक्रम, साझा अनुगमन संयन्त्र, र अझै बढी समन्वयात्मक स्रोत प्रवाह र खरिदमा सरकार, दातृसंस्था र सरोकारवालाहरुलाई एकै ठांउमा ल्याउन प्रभावकारि भएको पाईएको छैन्। यस्तो अभ्यासले परिमाणमा प्रयासमा दोहरोपना र दातृसंस्थाहरु तथा सारोकारवालाहरु बिच अस्वस्थ प्रतिस्पर्धा देखा परेको छ।यस्तो कार्यदिशाले कुशल र दिगो सेवाप्रवाहमा प्रतिकुल प्रभाव पारेको छ। यी कारणहरुले गर्दा नेपाल सरकारले कार्यक्रम-आधारित कार्यदिशाको आधारभुत शिद्धान्त अनुसार सबै तहमा खानेपानी, सरसफाई तथा स्वास्थ्य समन्वय समितिको दरो नेतृत्वमा क्षेत्रब्यापी कार्यदिशाको अनुसरण गर्ने छ। (उद्देश्य ११)

२०. **मापन-बिन्दु स्थापन (benchmarking) र कार्य संपादन अनुगमन:** सहरी बिकास मन्त्रालयको क्षेत्रगत क्षमता अबिबृद्धि ईकाईले तीस स्याना सहरहरुको खानेपानी सुबिधा-प्रणालीबाट प्रारम्भ गरिएको मापन-बिन्दु स्थापन र अनुगमन प्रभावकारी र उत्साहवर्दक देखिएको छ। त्यसैले बर्तमान प्रयासको गतिलाई तिब्र पारि सबै सहरी खानेपानी मापन-बिन्दु स्थापन र अनुगमन गर्ने कार्यलाई क्षेत्रंमा स्थाई स्वरुप दिईने छ। यो प्रकृयालाई ग्रामीण क्षेत्र लगायत सरसफाईमा समेत बिस्तार गरिने छ। (उद्देश्य ११)

२१. **क्षेत्रगता अग्रणी निकायको रुपमा खा. पा. ढ. नि. बि. को सबलीकरण:** खा. पा. ढ. नि. बि. नेपाल सरकारको अग्रणी निकाय तोकिएको भएता पनि अग्रणी निकायको भुमिकाको स्पष्ट परिभाषाको अभावमा बिभागले दृढ़ताका साथ अग्रणी भुमिका निर्वाह गर्न भने सकेको छैन। तसर्थ नेपाल सरकारकले खा. पा. ढ. नि. बि. लाई अग्रणी निकायको भुमिका निर्वाह गर्न आवस्यक भुमिका परिभाषित गर्ने छ र प्रभावकारी भुमिका निर्वाह गर्न सक्ने गरि यसलाई सबलीकरण गर्ने छ। (उद्देश्य १२)

२२. **क्षेत्र नियमन र महसूल निर्धारण:** खानेपानी तथा सरसफाई क्षेत्र अधिकतया नियमन बिना चलि रहेको छ। जलस्रोत ऐन २०४९ अन्तर्गत जारी गरिएको खानेपानी नियमावली २०५५

मातृ कानूनको सिमितताले गर्दा बाताबरणिय, सामाजिक, आर्थिक, प्राविधिक र संस्थागत जस्ता बिविध विषय समेटेको यो क्षेत्रका मुद्दाहरुलाई संबोधन गर्न अपर्याप्त देखियको छ। बि. स. २०६३ मा स्थापना गरिएको खानेपानी महसूल निर्धारण आयोगको अधिकार क्षेत्र पनि राष्ट्रीय स्तरमा महसूल निर्धारण र नियमनको साटो ब्यावसायिक सेवा प्रदायकहरुको महसूल निर्धारण गर्नमा सिमित छ। तसर्थ नेपाल सरकारले वाताबरण संरक्षण, उपभोक्ताको ब्यहोर्न सक्ने मुल्यमा गुणस्तरिय सेवा प्राप्तिको चाहनाको सुरक्षण र सरोकारवालाहरुको भुमिका र जिम्मेवारी परिभाषित गर्न मौजुदा कानूनी परिवेसलाई सुदृढ गर्न ठोस कदम चाल्ने छ। (उद्देश्य १२)

## ९.० रणनीतिहरु

घोषित नीतिहरुको कार्यान्वयन प्रभावकारी ढंगले अधि बढाउन सुनिश्चित गर्नका लागि प्रत्येक नीतिका लागि निम्नानुसारका रणनीतिहरु पहिचान गरिएका छन्:

## ९.१ आधारभुत स्तरको सेवामा पहूंच:

निम्न बमोजिमको रणनीति अनुसरण गरि २०१७ सम्म सबैलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाई सुबिधामा पहुंच पुऱ्याईने छ (उद्देश्य १):

१. बि. स. २०१७ सम्म सबैलाई आधारभुत खानेपानी तथा सरसफाई सेवा पुऱ्याउन सेवा न पुगेको जनसंख्यालाई सेवा पुऱ्याउनमा प्राथमिकताका साथ लगानी गरिने छ।
२. आधारभुत स्तरको खानेपानी तथा सरसफाई सेवाको प्रावधान दुर्गम क्षेत्र र न्यून आय भएका समुदायमा लक्षित गरिने छ।
३. आधारभुत स्तरको सेवा प्राप्त गर्ने समुदायले योजना निर्माण लागतमा न्यूनतम योगदान गर्नु पर्ने छ।
४. आधारभुत स्तरको सेवा प्राप्त गर्ने समुदयले सुबिधाको संचालन तथा मर्मत संभार गर्न र दिगो सेवा सुचारु राख्न स्थानीय क्षमता बाहिरको आवस्यक प्राविधिक सहयोग प्रदान गरिने छ।
५. न्युन संचालन तथा मर्मत संभार खर्च लाग्ने सरल प्राविधिक बिकल्पलाई प्राथमिकता दिईने छ।

**९.२ <u>सेवा स्तरोन्नति:</u>** नेपाल सरकारले मौजुदा आधारभुत खानेपानी तथा सरसफाई सेवा स्तरोन्नतिको लागि निम्नानुसारको रणनीति अनुसरण गर्ने छ। (उद्देश्य १):

**६.** खानेपानी तथा सरसफाई सेवाको स्तरोन्नति नगरपालीका र गा. बि. स. हरुमा उदियमान ब्यापारिक केन्द्र र स्याना सहरहरु लक्षित हुने छन्।

**७.** नगरपालीका वा गा. बि. स. लाई जनसंख्याको आयस्तर र तिर्ने मनसायका आधारमा खानेपानी तथा सरसफाई सेवा बन्दोबस्तको लागि आधारभुत, मध्यम तठा उच्च स्तर ईलाकामा बिभाजन गरिने छ.।

८. ब्यावसायिक आधारमा कार्यरत नगरपालिकाका सेवा प्रदायकहरुले सन् २०२७ सम्म आफ्नो मातहतको क्षेत्रका ईलाकाहरुमा तोकिए बमोजिमको स्तरको सेवा प्रदान गर्नु पर्ने छ.।

९. नगरपालिकाहरुका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुले सन् २०२७ सम्म खानेपानी सेवाको स्तरोन्नति कम्तिमा मध्यम स्तरको गर्नु पर्ने छ (उद्देश्य १):

१०. ब्यावसायिक आधारमा कार्यरत नगरपालिकाका सेवा प्रदायकहरुलाई आफ्नो क्षेत्रसंग जोड़िएका सेवा नपुगेका क्षेत्रहरुमा सेवा बिस्तार गर्न र अन्य खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुले सेवा पुर्‍याई रहेका क्षेत्रका ईलाकाहरुमा तोकिए बमोजिम सेवा स्तरोन्नति गर्न प्रोत्साहित गरिने छ।

११. खानेपानी तथा सरसफाई सेवा प्रदान कार्यमा संलग्न रहेका स्थानिय निकायहरुले सन् २०२७ सम्म आफ्नो क्षेत्रका ईलाकाहरुमा तोकिए बमोजिम सेवा स्तरोन्नति गर्न पर्ने छ।

१२. अरु कुनै सेवा प्रदायकलाई जिम्मा न दिईएको भएमा, स्थानिय स्थानिय निकायहरुले सन् २०२७ सम्म आफ्नो क्षेत्रका ईलाकाहरुमा तोकिए बमोजिम सेवा स्तरोन्नति गर्न पर्ने छ।

**९.३ <u>संचालनमा नरहेका आयोजनाहरुको पुनर्स्थापन:</u>** नेपाल सरकारले संचालनमा नरहेका वा आंसिक संचालनमा रहेका खानेपानी तथा सरसफाई संरचनाहरु को पुनर्स्थापना गर्न निम्न रणनीतिहरु अपनाउने छ (उद्देश्य १):

१३. ग्रामिण क्षेत्रमा संचालनमा नरहेका वा आंसिक संचालनमा रहेका खानेपानी तथा सरसफाई सेवा संरचनाहरु आधारभुत स्तरको सेवा प्रदान गर्ने पुनर्स्थापनालाई उच्च प्राथमिकता दिईने छ।

१४. ब्यावसायिक आधारमा संचालित सेवा प्रदायकहरुले सन् २०२७ सम्म खानेपानि तथा सरसफाई सेवाको कुनै वा सबै संचालनमा नरहेका वा आंसिक संचालनमा रहेका भागको पुनर्स्थापन वा पुनर्संचालन गरि पुर्ण संचालनमा ल्याई सक्नु पर्ने छ।

१५. पुर्ण वा आंसिक लागत उठतिको आधारमा संचालन गरि रहेका खा. पा. स. उ. सं. हरुले सन् २०२७ सम्म खानेपानि तथा सरसफाई सेवाको कुनै वा सबै संचालनमा नरहेका वा आंसिक संचालनमा रहेका भागको पुनर्स्थापन वा पुनर्संचालन गरि पुर्ण संचालनमा ल्याई सक्नु पर्ने छ।

१६. सेवा संचालित गरि रहेका स्थानिय निकायहरुले सन् २०२७ सम्म खानेपानी तथा सरसफाई सेवाको कुनै वा सबै संचालनमा नरहेका वा आंसिक संचालनमा रहेका भागको पुनर्स्थापन वा पुनर्संचालन गरि पुर्ण संचालनमा ल्याई सक्नु पर्ने छ।

**९.४** **<u>निर्णय प्रकृयामा उपभोक्ता सहभागिता:</u>** उपभोक्ताहरुलाई, विशेष गरि महिला, गरिब र सिमान्तिकृत समुदायहरुलाई, सबै तहको निर्णय प्रकृयामा सहभागी हुन प्रोत्साहित गरिने छ। रणनऋतिहरु निम्नानुसार हुने छन् (उद्देश्य २):

१७. कार्यान्वयन निकाय तथा सेवा प्रदायकले मांग-आधारित सेवा प्रदान गर्नका लागि महसुल निर्धारण समेत आयोजना तर्जुमा, बिकास र संचालन सबै तहमा उपभोक्ता तथा संभावित उपभोक्ताहरुसंगको परामर्श प्रकृया परिमार्जन गरिने छ।

१८. उपभोक्ताहरु ले मौजुदा सेवा स्तर बारे बुझ्न सकुन्, प्रविधि र सेवाको प्राथमिकता पहिचान गर्न सकुन, र सुसुचित निर्णय गर्ना योग्य हुनाका खातिर उपलब्ध प्रविधि र लागत बारे तमाम बिकल्पहरु प्रस्तुत गरियो सनि सुनिश्चित हुनाको लागि पर्याप्त उपायहरुको अवलम्बन गरिने छ।

१९. खानेपानी तथा सरसफाई तर्जुमा, बिकास, ब्यवस्थापन तथा मर्मत संभारका सबै पक्षमा महिलाहरुको सहभगितालाई अझै सुदृढ पारिने छ। यसका लागि कार्यकारिणी समितिमा महिलाहरुको संख्या कम्तीमा एक तिहाई हुने गरि बढ़ाईने छ। कम्तीमा अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव वा कोषाध्यक्ष मध्ये एक महत्वपुर्ण पद महिलाले सम्हाल्ने छन्।

२०. सेवा प्रदायकले महसुल निर्धारण प्रकृयामा पहिचान गरिएका गरिब तथा कमजोर वर्गसंग बिस्तृत परामर्श गर्नु पर्ने र तिनीहरुलाई महसुलमा सुबिधा दिई तिनीहरुको चांसोलाई पर्याप्त

स्थान दिनु पर्ने छ। यसको सुनिश्चितताको लागि सेवा प्रदायकले उपेक्षित र जनजाति समुदाय मध्येबाट  कम्तीमा एक जना कार्यकारी समितिमा राख्नु पर्ने छ।

२१. पुरुषको पनि खानेपानी तथआ सरसफाई सेवाबाट लाभान्वित हुन समान भुमिका रहने भएकोले तिनीहरुलाई पनि उचित शिक्षा र सचेतना कार्यक्रमको माध्यमबाट घरायसी स्तरमा प्रभावकारी खानेपानी तथा सरसफाई ब्यवस्थापनको लागि प्रोत्साहित गरिने छ।

९.५ **सबैको सेवामा पहुंच:** सबैको खानेपानी तथा सरसफाई सेवामा समान पहुंच सुनिश्चित गर्न निम्न बमोजिमका रणनीतिक उपायहरु अपनाईने छ उद्देश्य ३):

२२. सबै आयोजना कार्यान्वयन निकाय तथा सेवा प्रदायकहरुले गरिब तथा सिमान्तिकृत जनतालाई खास सुबिधा उपलब्ध गराउन गरिब समुदाय तथा फोहर र अनाधिकृत बस्तीहरुको पर्याप्त पहिचान हुने गरि सामाजिक नक्सांकन तयार गर्नु पर्ने छ ताकि तिनिहरु खानेपानी तथा सरसफाई सेवासंग आबद्ध हुन र आबद्ध रहि रहन सकुन्।

२३. महिला, छात्रा तथा साररिक चुनौती भएका ब्यक्ति मैत्री सार्वजनिक र विद्यालय सौचालयको पर्याप्त ब्यवस्था गरिने छ।

२४. सुत्केरी र रजस्वला भएका महिला तथा हरुलाई घरायसी तथा सार्वजनिक खानेपानी तथा सरसफाई सुबिधाको प्रयोग गर्नबाट बंचित गरि सामाजिक भेदभाव निर्मुल गर्न प्रभावकारी सामाजिक शिक्षा कार्यक्रम संचालन गरिने छ।

९.६ **खानेपानीका स्रोतहरुको संरक्षण र संबर्धन:** निम्न रणनीतिहरु अनुसरण गरि खानेपानी सेवाका स्रोतहरुको संरक्षण र संवर्धनका उपयुक्त उपायहरु हवलंबन गरिने छ (उद्देश्य ४):

२५. पुरातन तथा ऐतिहासिक ढुंगे धारा, कुंवा, ईनार, पोखरी, ईत्यादि जस्ता पानीका स्रोतहरुलाई मनोरन्जनात्मक तथा सौन्दर्यात्मक उद्देश्यका लागि उपयोग तथा संरक्षण गर्न प्रोत्साहित गरिने छ। यस्ता पानीका स्रोतहरु खानेपानी अपर्याप्त भएका सहर तथा नगरहरुमा अपवाद स्वरुप सहयोगी स्रोतका रुपमा जलाधार क्षेत्रको पर्याप्त संरक्षण र पानीको प्रशोधन सहित उपयोग गर्न दिईने छ।

२६. खानेपानीका सतह तथा भुमिगत पानीका स्रोतहरुको प्रभावित जलाधार क्षेत्र परिभाषित गरिने छ र सेवा प्रदायकलाई पानीको गुणस्तर र परिमाण कायम राख्न जलाधार क्षेत्रको संरक्षण र संवर्धन गर्न जिम्मेवार गराईने छ।

९.७ **फोहरपानीबाट सतह तथा भुमिगत जलस्रोत प्रदुषण निवारण:** निम्नानुसारका रणनीतिको कार्यान्वयनबाट फोहरपानी ब्यवस्थापनमा सुधार गरि चरणबद्ध रुपमा फोहरपानीबाट हुने सतह तथा भुमिगत जलस्रोतको प्रदुषण रोक्न उचित उपाय अपनाईने छ (उद्देश्य ५):

२७. नेपाल सरकारले पानीका प्रकृतिक स्रोत तथा कृषि योग्य भुमिमा मिसाईने सबै प्रकारका फोहरपानीको गुणस्तर मानक निरधारण गर्ने छ। निर्धारित मानक  सतह तथा भुमिगत जलस्रोतको प्रदुषणको गाम्भिर्यताको आधारमा प्राथमिकता निर्धारण गरि लागु गरिने छ।

२८. फोहर पानी उपयुक्त प्रशोधन पश्चात सतह स्रोतमा मिसाउनु भन्दा कृषि योग्य भुमिमा निकास गर्न प्राथमिकता दिईने छ।

२९. अस्पताल, ब्यावसायिक संस्था तथा उद्योगहरुले फोहरपानी सार्वजनिक ढलमा मिसाउदा फोहरपानीको गुणस्तर बमोजिम प्रशोधन गर्नु पर्ने छ।

९.८ **वाताबरण संरक्षण कानूनको पालना:** नेपाल सरकारले खानेपानी तथा सरसफाई आयोजनाहरुको निर्माण तथा संचालन गर्दा वाताबरणिय कानूनहरुको पुर्ण पालना भयको सुनिश्चित गर्न ठोस उपायहरुको अवलम्बन गर्ने छ। त्यसका लागि निम्न रणनीतिहरु लिईने छ (उद्देश्य ५)।

३०. सबै खानेपानी तथा सरसउई आयोजना निर्माण तथा संचालन चरणमा वातावरण प्रति जागरुकता तथा वातावरण नियम पालनाको अनुगमन कार्यक्रम अनिवार्य गरिने छ।

३१. सहरी क्षेत्रका खानेपानी तथा सरसफाई विकास योजना संबन्धित नगर तथा सहरको वातावरणिय विकास योजनाले निर्देसित गरे अनुसार गरिने छ।

३२. खानेपानी तथा सरसफफाई पेशाकर्मी र प्राविधिकहरुलाई वातावरणिय कानूनका प्रावधानहरु प्रति संबेदनशील बनाईने छ र क्षेत्रगत निकायहरुमा निर्माण तथा संचालन गर्दा न्यूनतम प्रतिकुल वातावरणिय प्रभाव पर्ने गरि आयोजनाको तर्जुमा र डिजाईन गर्ने क्षमताको विकाश गरिने छ।

३३. क्षेत्रगत निकायहरुमा प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणिय परिक्षण र वातावरण प्रभाव मुल्यांकन गर्न आवश्यक क्षमताको विकास गरिने छ।

३४. डिजाईन गरियका सेवा संरचनाको निर्माण र संचालन गर्दा प्रतिकुल वातावरणिय प्रभाव न्यूनतम हुने कुराको सुनिश्चित गर्न मौजुदा डिजाईन निर्देशिकाहरु पुनरावलोकन र अध्यावधिक गरिने छ।

९.९ **लागत-प्रभावकारी तथा ब्ययभार बहन योग्य बैकल्पिक प्रविधि उपयोग:** यद्यपि संधै औद्योगिक राष्ट्रको मापदण्ड अनुकुल नहोस तर लागत-प्रभावकारी तथा ब्ययभार बहन योग्य बैकल्पिक प्रविधि उपयोगलाई प्रवर्धन गरिने छ (उद्देश्य ६)।

३५. बढी पानी पर्ने भौगोलिक क्षेत्र र चलनचल्तीमा रहेका प्रविधिबाट खानेपानी संभव नभएका स्थानहरुमा घरको छानाबाट बर्षाते पानी संकलन प्रविधिको प्रवर्धन गरिने छ।

३६. सुख्खा याममा ससाना खोला र नदीहरुमा पानी सुक्ने हुंदा समुदायलाऐ पानी आपुर्ति गर्न वर्षा यामको प्रचुर पानीलाई जम्मा गर्न कृतिम ताल तथा पोखरीहरु बिकसित गर्ने तर्फ बिचार पुऱ्याईने छ।

३७. संभव भएमा मध्य पहाड़ी भेग र दक्षिणी पहाड़ी फेंदमा खानेपानी प्रणालीको डिजाईन अधिकांस पानी सतह श्रोतबाट र अपुग पानी भुमिगत श्रोतबाट आपुर्ति गर्ने गरि दुवै सतहगत र भुमिगत पानीको श्रोतको आधारमा गरिने छ।

३८. प्रदुषित खानेपानी पिउनाले पानीजन्य रोगबाट असुरक्षित भैरहेका ग्रामिण समुदायमा सुरक्षित खानेपानीको बन्दोबस्त नहुंदा सम्म घामबाट र पानी उमालेर रोगाणुनासन गर्ने जस्ता अत्यंत कम खर्चिला घरायसी खानेपानी प्रशोधन विधिको प्रवर्धन गरिने छ।

३९. विशेष गरि ग्रामिण क्षेत्रमा पिसाबमा निहित उच्च पौष्टिक तत्वलाई कृषि मलको रुपमा प्रयोगको लागि पुनर्प्राप्ति गर्न पर्यावरण-मैत्री चर्पीको प्रचर्धन गरिने छ।

४०. स्याना सहर र ठुला सहर तथा महानगरका उपनगरहरुमा परम्परागत ढलनिकास प्रणालीको सट्टा स्थलगत सरसफाई प्रणालीबाट निसृत हुने प्रदुषित पानी बगाउन स्याना ढल र रिडबेड जस्ता कम खर्चिला ढल प्रशोधन विधिलाई उच्च प्राथमिकता दिईने छ।

४१. सस्तो मुल्यमा जग्गा उपलब्ध भएमा परम्परागत प्रविधिको सट्टा ढल प्रशोधन पोखरी (waste stabilization pond) जस्ता प्राकृतिक प्रकृयामा आधारित ढल प्रशोधन विधिलाई प्राथमिकता दिईने छ।

४२. मंहगो जग्गाको मुल्य हुने घना बस्ती भएका नगर तथा महानगरहरुमा विकेन्द्रिकृत यान्त्रिक पैकेज प्रशोधन संयन्त्रको उपयोग गरिने छ।

९.१० **स्थानिय संस्थाहरुको क्षमता सुदृढ पार्ने:** नेपाल सरकारले प्रभावकारी ढंगले खानेपानी तथा सरसफाई आयोजनाको तर्जुमा, विकास तथा ब्यवस्थापन गर्ने क्षमता अभिबृद्धि गर्ने स्थानिय निकायहरुलाई सुदृढ पार्ने छ।

४३. खानेपानीको विकास, ब्यवस्थापन तथा संचालनका लि ने. खा. पा. सं. संचालित सहरहरुलाई नञां स्थानिय खा. पा. ब्य. बो. लाई हस्तानान्तरण गर्ने संस्थागत सुधारका प्रकृयाललाई थप ईच्छुक सहर तथा महानगरहरुमा विस्तार गरिने छ। बोर्डहरुलाई आवस्यक आर्थिक तथा प्राविधिक सहयोग गरि टेवा पुर्याईने छ।

४४. संस्थागत सुधार को प्रकृया प्रारम्भ भएको गएको दशकको पछिल्ला वर्षदेखि नै ने. खा. पा. सं. का नगरहरु निकट भविष्यमा बोर्डमा सारिने अनुमानमा सरकारी र दातृ निकायहरुको आर्थिक सहयोगमा ब्यापक कटौती गरिएको छ। नेपाल सरकारलाई आर्थिक सहायताको कटौतीका कारणले संस्थानका सहरहरुमा अन्यायपुर्ण तवरले सेवा प्रवाह प्रभावित भएको महसूस भएको छ। नेपाल सरकारले संस्थानले आफ्नो सहरहरुमा आवस्यक स्तरको सेवाप्रवाह गर्न सक्षम हुनेगरि पर्याप्त आर्थिक सहयोग प्राप्त गरोस भन्ने कुराम सुनिश्चित गर्ने छ। को दो छ।

४५. ने. खा. पा. सं. का सहरहरु नञां बोर्डमा सरि जाने क्रम संगै संस्थानको कार्यक्षेत्र दिनानुदिन घटदो क्रममा रहेकोले यसलाई खा. पा. ब्य. बोर्ड लगायत अन्य निकायको स्वामित्वमा रहेका सेवा प्रणाली ब्यवस्थापन करारमा सेवा संचालन गर्न सक्ने निकायमा परिवर्तन गरिने छ।

४६. सरकारी-निजी साझेदारीको आधारमा काठमान्डौ उपत्यकाका सहरहरुको खानेपानी तथा ढ़लनिकास सेवा संचालन गर्न र सुधार कार्यहरु कार्यान्वयन गर्न स्थापित कंपनी का. उ. खा. लि. को सेवाप्रवाहन क्षमता बिगतका संक्रमणकालीन सरकारहरुको न्युन राजनैतिक सहयोगका कारणले स्थापना भएदेखि नै कमजोर हुदै गएको छ। तर अब राजनैतिक परिस्थिति बढ़ी स्थिर भै सकेकोले यसको सबै भन्दा ठुलो हिस्सेदारको हैसियतमा अन्य हिस्सेदारहरु समेतको सहयोगमा का. उ. खा. लि. को क्षमता पुनर्स्थापन र ससक्त पार्न ठोस उपायहरु अपनाईने च।

४७. नञां संगठनमा आफ्नो वृत्ति विकास र सेवा निवृति सुबिधा प्रतिको चिन्ताले गर्दा ने. खा. पा. सं. का कर्मचारी संगठनहरु संस्थागत सुधारका पक्षपाती नरहेको देखा परेका छन्। नेपाल सरकारले ती कर्मचारीहरुलाई न्यायोचित वृत्ति विकास हुनेमा आस्वस्त पार्न र सेवा निवृति सुबिधाको पुर्ण सुरक्षा सुनिश्चित गर्न उचित उपायहरु अपनाउने छ।

४८. खानेपानी तथा सरसफाई संपत्तिको स्वामीको रुपमा परिभाषित अधिकार र जिम्मेवारीका साथ उपभोक्ताहरुलाई सेवाप्रवाह गर्न स्वतन्त्र र स्वायत्त रहि सुधारात्मक कार्य अघि बढ़ाउन सक्ने गरि खानेपानी उपभोक्ता संस्थाहरुको वैधानिक स्थिति मजबुत पारिने छ।

४९. खानेपानि ब्यवस्थापन बोर्ड ऐनको प्रावधान बमोजिम उपभोक्तालाई स्वतन्त्रता र स्वायत्तता पुर्वक सेवा प्रवाह गर्न संस्थागत क्षमता सुदृढ़ पार्न खानेपानी उपभोक्ता संस्थाहरुलाई प्रोत्साहित गरिने छ।

५०. आर्थिक अनुदान सहयोग उपलब्ध गराउन र गै. स. स. तथा परामर्शदाता संस्थाहरु मार्फत कार्यान्वयन सहयोग उपलब्ध गराउन उपभोक्ता आफैबाट संचालित खानेपानी तथा सरसफाई आयोजनाको प्रवर्धन गर्न ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समितिलाई सरकारको एक स्थाई निकाय बनाईने छ।

५१. ग्रामिण खानेपानी उपभोक्ता संस्थाहरुको खानेपानी तथा सरसफाई आयोजनाको तर्जुमा, कार्यान्वयन तथा संचालन क्षमता बढ़ाईदै लगिने छ। खानेपानी तथा सरसफाई डिभिजन र सबडिभिजन कार्यालयहरुको भुमिका आयोजनाको तर्जुमा, कार्यान्वयन तथा संचालनमा समुदायलाई प्राविधिक सहयोग गरि सहजिकरण गर्नेमा केन्द्रित गराउदै लगिने छ।

५२. आफ्नो क्षेत्राधिकार र कार्यादेश अनुसार सेवग्राहीलाई सेवा दिन सक्ने गरि सेवा संचालकहरुलाई सहयोग र सहजिकरण गर्न स्थानिय प्रसाशनिक, सुरक्षा तथा विकाससंबद्ध निकायहरुलाई अभिमुख गरिने छन्।

९.११ **<u>स्थानिय क्षमता सुदृढीकरण:</u>** क्षेत्रगत विकास कृयाकलाप संबन्धी योजनाको तर्जुमा, सुपरिवेक्षण, संयोजन र अनुगमनमा केन्द्रिय भुमिका निर्वाह गर्न स्थानिय निकायहरुलाई सुदृढ़ पार्न नेपाल सरकारले ठोस उपायहरु अपनाउने छ (उद्देश्य ७)।

५३. स्थानिय निकायको योजनामा समावेस एको विकास कार्यक्रम मात्र कार्यान्वयन गर्ने नीति कढ़ाईका साथ पालना गरिने छ.।

५४. खानेपानी तथा सरसफाई आयोजना तर्जुमा र डिजाईन गर्दा संबन्धित गा. वि. स. र नगरपलिकाहरुको आवस्यकता प्रतिविम्बित गराउनाका लागि ती निकायहरुसंग पर्याप्त परामर्श गरिने छ।

५५. क्षेत्रगत विकास निकायहरुले संबन्धित गा. वि. स. र नगरपलिकाहरुलाई खानेपानी तथा सरसफाई योजनाका डिजाईन र ड्राईंग, तथा लागत अनुमान तथा प्रतिवेदनका प्रतिहरु सहित सबै प्रासंगिक जानकारीहरु उपलब्ध गराउने छन्।

५६. क्षेत्रगत विकास निकायहरुले संबन्धित जि. वि. स., गा. वि. स. र नगरपलिकाहरुलाई आवधिक समिक्षा बैठकहरुमा आफ्नो कार्यक्रमको आर्थिक र भौतिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नु पर्ने छ।

५७. संबन्धित जि. वि. स., गा. वि. स. र नगरपलिकाहरुले अनुगमन र मुल्याङ्कन गर्ने तथा आयोजनाका प्रगतिमा बाधा पारि रहेका सामाजिक र वातावरणिय समस्या र मुद्दाहरुको समाधान गर्न आयोजना स्थलको आवधिक अवलोकन गर्नु पर्ने छ।

५८. क्षेत्रगत विकास निकायहरुबाट संबन्धित जि. वि. स., गा. वि. स. र नगरपलिकाहरुलाई सेवा प्रदायक वा निजी क्षेत्रका संचालकहरु संग गरिएको ब्यवस्थापन करारको एक प्रति उपलब्ध गराईने छन्।

५९. सेवा प्रदायक वा निजी क्षेत्रका संचालकहरुले संबन्धित संबन्धित जि. वि. स., गा. वि. स. र नगरपलिकाहरुले अनुगमन र मुल्याङ्कन गर्ने तथा आयोजनाका प्रगतिमा बाधा पारि रहेका सामाजिक र वातावरणिय समस्या र मुद्दाहरुको समाधान गर्न आयोजना स्थलको आवधिक अवलोकन गर्नु पर्ने छ। आवधिक समिक्षाको लागि संचालन प्रतिवेदन उपलब्ध गराउने छन्।

६०. संबन्धित जि. वि. स., गा. वि. स. र नगरपलिकाहरुले सेवा संचालनको अनुगमन र मुल्याङ्कन गर्ने तथा सेवा संचालन सम्बन्धी समस्या र मुद्दाहरु को समाधानमा सहयोग गर्ने सेवा स्थलको आवधिक अवलोकन गर्नु पर्ने छ।

६१. जि. वि. स., गा. वि. स. र नगरपलिकाहरुले “पुर्ण सरसफाई” प्राप्तिका लागि समयबद्ध योजना तर्जुमा र कार्यान्वयन गर्ने र आफ्नो क्षेत्रलाई “दिशा पिसाब मुक्त” क्षेत्र घोषणा गर्ने गरि आएको प्रोत्साहन र समर्थनलाई तिब्र पारिने छ।

**९.१२** **<u>क्षेत्रगत विकासमा गै. स. स. को भुमिका वृद्धि:</u>** नेपाल सरकारले खानेपानी तथा सरसफाई विकासमा गै. स. स. को बुमिका अझै वृद्धि गर्न कदम चाल्ने छ (उद्देश्य ७)।

६२. आयोजनाको तर्जुमा, विकास र संचालनका चरणहरुमा सामाजिक-आर्थिक मापन-बिन्दु स्थापना सर्वेक्षण, सरसफाई स्वास्थ्य विज्ञान प्रवर्धन, तथा सामाजिक परिचालन कार्यमा गै. स. स. को संलग्नता अनिवार्य गराईने छ।

६३. आयोजना संपन्न भए पश्चात आयोजनाको दिगोपना र आयोजनाबाट प्राप्त लाभको अनुगमनको लागि गै. स. स. समुदायमा आवधिक रुपमा परिचालन गरिने छ।

६४. सरकारी वा स्थानिय निकायको अनुदानमा संचालित स्याना आयोजनाहरु कार्यान्वयनमा समुसायलाई सहयोग गर्न गै. स. स. परिचालन गरिने छ।

**९.१३** **<u>सेवा प्रबन्ध गर्दा लागत-खर्च ब्यहोरिने बिकल्पहरु:</u>** नेपाल सरकारले समुदायको मांग गरेको सेवास्तर बमोजिम लागत खर्चको सरकार, स्थानिय निकाय र समुदायले ब्यहोर्ने विभिन्न अनुपातको ब्यवस्था गर्ने छ (उद्देशय ८)।

**६५.** नेपाल सरकारले आधरभुत सेवा स्तरको खानेपानी तथा सरसफाई आयोजना निर्माण खर्चको ८० देखि ९० प्रतिसत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने छ। ब्ययभार बहन क्षमताको आधारमा higher level, सकेमा नगद रुपमा, उपभोक्ता समुदायबाट योगदान गरिने छ।

**६६.** नेपाल सरकारले आधरभुत भन्दा माथिको सेवा स्तरको खानेपानी आयोजना निर्माण खर्चको ८० देखि ९० प्रतिसत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने छ। ब्ययभार बहन क्षमताको आधारमा निर्माण खर्चको बांकी ४० देखि ५० प्रतिशत उपभोक्ता समुदायबाट योगदान गरिने छ, जस मध्ये ५ देखि १० प्रतिशत शुरु मै नगद योगदान र बांकी ३० देखि ४५ प्रतिशत अन्य मध्यस्थ वितिय संस्थाको मार्फत उपलब्ध गराईने छ।

**६७.** नेपाल सरकारले सामान्यतया ब्यापारिक आधारमा संचालन गरि रहेका खानेपानी सेवा प्रदायकलाई खानेपानी आयोजना निर्माणका लागि रकम योगदान गर्ने छैन्।

**६८.** नेपाल सरकारले आधारभुत भन्दा बढ़ी सेवा स्तरका सरसफाई आयोजनाका निर्माण खर्चको ७० देखि ८० प्रतिशत रकम उपलब्ध गराउने छ। निर्माण खर्चको बांकी २० देखि ३० प्रतिशत रकम स्थानिय निकाय र गैर-ब्यापारिक सेवा प्रदायकले उपलब्ध गराउनु पर्ने छ।

६९. नेपाल सरकारले ब्यापारिक सेवा प्रदायकलाई आधारभुत भन्दा बढ़ी सेवा स्तरका सरसफाई आयोजनाको निर्माण खर्चको २० देखि ३० प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराउने छ।

७०. अन्यथा सहमति भएकोमा बाहेक, ब्यापारिक सेवा प्रदायकको सेवा क्षेत्रमा स्थानिय निकायको सरसफाई सम्बन्धी आयोजनामा भएको लगानी अनुदानको रुपमा लिईने छ।

९.१४ **दिगो सेवा प्रवाहको लागि पर्याप्त महसूल:** नेपाल सरकारले सेवा प्रदायकलाई दिगो सेवा प्रवाहको लागि आवस्यक पर्याप्त स्तरमा महसूल निर्धारण गर्न समर्थन र सहजिकरण गर्ने छ (उद्देश्य ९)।

७१. खा. पा. म. नि. आयोगलाई देशब्यापी रुपमा पारदर्शी मापदण्ड र ब्यापारिक सेवा प्रदायकहरुका लागि ब्यापारिक सिद्धान्तका आधारमा खानेपानी तथा सरसफाई महसूल स्वीकृत गर्न सक्ने गराईने छ।

७२. खा. पा. म. नि. आयोगलाई देशब्यापी रुपमा पारदर्शी मापदण्ड र गैर-ब्यापारिक तर पुर्ण वा आंशिक लागत उठतीको आधारमा खानेपानी तथा सरसफाई महसूल स्वीकृत गर्न सक्ने गराईने छ। महसूल ऋण भएमा सो असूली, माल-सामग्री बदली खर्च तथा मर्मत र संचालन खर्चको लागि पुग्ने हुनु पर्दछ।

७३. समुदायबाट दंचालित खानेपानी तथा सरसफाई सेवाका खा. पा. उ. तथा स. सं. द्वारा माल-सामग्री बदली खर्च तथा मर्मत र संचालन खर्चको लागि पुग्ने गरि महसुल निर्धारण गर्नमा सहजिकरण गरिने छ।

७४. सबै सेवा प्रदायकहरुले लक्षित गरिब तथा सिमान्तिकृत समुदायका लागि सहुलियत महसूल दर निरधारण गर्नु पर्ने छ। सेवा प्रदायकले ब्यहोर्नु पर्ने नोक्सानी अन्य उपभोक्ताले तिर्ने महसूल मार्फत उठाउन दिईने छ।

९.१५ **सेवा प्रवाहमा निजी क्षेत्रको सहभागिता:** नेपाल सरकारले सहरीका साथै ग्रामीण खानेपानी तथा सरसफाई सेवा प्रवाहमा निजी क्षेत्रको सहभागिता गराउनाका लागि उपयुक्त वातावरण सिर्जना गर्ने छ (उद्देश्य १०)।

७५. नगरपालिका, गा. बि. स. तथा खा. पा. उ. स. संस्था हरुलाई सेवा ब्यवस्थापन करार अंतर्गत संचालन गराउन र मर्मत संभार कार्य बाह्य-स्रोतबाट गराउन प्रोत्साहित र सहजिकरण गरिने छ।

७६. नगरपालिका, गा. बि. स. तथा खा. पा. उ. स. संस्था हरुलाई खानेपानी तथा सरसफाई सेवा पुर्वाधार विकासमा लगानीमा निजी क्षेत्रको सहभागिता गराउन प्रोत्साहित र सहजिकरण गरिने छ।

९.१६ **बैंक तथा वित्तिय संस्थाहरु मार्फत वित्त परिचालन**: नेपाल सरकारले स्थानिय निकाय, खा. पा. उ. स. संस्था, संस्थान, तथा कंपनीहरुलाई खानेपानी तथा सरसफाई क्षेत्रको विकासमा बैंक तथा वित्तिय संस्थानहरुले ऋण लगानी उपलब्ध सक्ने वातावरण बनाउने छ (उद्देश्य १०)।

७७. खा. पा. उ. स. संस्था ले खानेपानी तथा सरसफाई पुर्वाधारमा लगानीको पुरै वा आंशिक ऋण लिन चाहेमा स्थानिय निकायले जमानी बसि दिन सक्ने कानूनी आधार उपलब्ध गराईने छ।

७८. खा. पा. ब्य. बोर्डहरुलाई ले खानेपानी तथा सरसफाई पुर्वाधारमा लगानीको पुरै वा आंशिक ऋण लिन चाहेमा आफ्नो चल र अचल संपत्ति ऋणको लागि धितो राख्न सक्ने कानूनी आधार उपलब्ध गराईने छ।

९.१७ **क्षेत्रगत समन्वय:** नेपाल सरकारले बिभिन्न तहमा स्थापित समन्वय समितिहरुलाई सुदृढ़ गर्ने र तिनलाई क्षेत्रको स्थाई संस्था बनाउने छ (उद्देश्य ११)।

७९. राष्ट्रिय, क्षेत्रिय, जिल्ला तथा स्थानिय स्तरका खानेपानी, सरसफाई तथा स्वक्षता समन्वय समिति (WASH CC) हरुको भुमिका तथा जिम्मेवारीका परिभाषित गरि स्थायित्व दिन कानूनी ब्यवस्था गरिने छ।

८०. राष्ट्रिय सरसफाई तथा स्वक्षता मार्ग निर्देसन समिति (NSHC) तथा राष्ट्रिय सरसफाई तथा स्वक्षता समन्वय समिति (NSHCC) लाई यिनीहरुको खानेपानी तथा सरसफाई उपक्षेत्रको समन्वयात्मक भुमिकालाई उचित प्रतिविम्वित गर्न पुनर्नामाकरण गरि क्रमश: राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वक्षता मार्ग निर्देसन समिति (NWASHSC) र राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वक्षता समन्वय समिति (NWASH CC) राखिने छ ।

८१. खानेपानी, सरसफाई तथा स्वक्षता समन्वय समिति (WASH CC) हरु क्षेत्रगत विकास र संचालनको एकत्रित र समन्विकृत योजना तर्जुमा गर्न र क्षेत्रगत बिकास र संचालन कृयाकलाप हरुको अनुगमन र मुल्यांकन गर्न जि. वि. स., गा. वि. स. तथा नगरपालिकाहरुको बिस्तारित अंगको रुपमा काम गर्ने छन्।

८२. खा. पा. उ. स. समितिहरुको महासंघको महत्व र क्षमताको सम्मान गर्दै पारदर्शी, जवाफदेहिता पुर्ण र प्रभावकारी सेवा प्रवाह गर्न महासंघको भुमिकालाई सुदृढ़ पारिने छ।

८३. आधारभुत तहमा गा. वि. स. तथा नगरपालिकाका खानेपानी, सरसफाई तथा स्वक्षता समन्वय समिति (WASH CCs) स्थापित र सुदृढ़ गराई तिनीहरुको खानेपानी, सरसफाई तथा स्वच्छता योजना तर्जुमालाई जिल्ला खानेपानी, सरसफाई तथा स्वच्छता (WASH)

योजनाको रुप दिन जिल्ला खानेपानी, सरसफाई तथा स्वक्षता समन्वय समिति (D WASH CCs) हरुलाई आवस्यक स्रोत साधन उपलब्ध गराईने छ।

९.१८ **सरोकारवालाहरु को अधिक स्पष्ट भुमिका र जिम्मेवारी:** नेपाल सरकारले संपत्तिको स्वामित्व, संचालन जिम्मेवारी सेवाको विकास र सुधारमा आफ्नो निकाय, स्थानिय निकाय तथा खा. पा. उ. स. संस्थाहरु बिचको भुमिका र जिम्मेवारी अझै बढी स्पष्ट पार्ने छ (उद्देश्य ११)।

८४. सरकारी स्रोतबाट निर्मित खानेपानी प्रणालीहरुहरुको स्वामित्व संबंधित नगरपालिका र गा. वि. स. हरुलाई हस्तान्तरण गरिने र सेवा संचालनको जिम्मेवारी खा. पा. उ. स. सं. लाई दिईने प्रचलनलाई निरन्तरता दिईने छ।

८५. सरकारी स्रोतबाट निर्मित सरसफाई र ढल प्रणालीहरुहरुको स्वामित्व संबंधित नगरपालिका र गा. वि. स. हरुलाई संचालन जिम्मेवारीका साथ हस्तान्तरण गरिने छ।

८६. नेपाल सरकारका क्षेत्रगत निकायहरुले संभाब्यता अध्यन; प्राविधिक प्रारुप, नक्सा, लागत ईष्टीमेट तथा बोलपत्र तयार पार्ने; विकास निर्माणको सुपरिवेक्षण तथा सेवा संचालनको अनुगमन कार्यमा खा. पा. उ. स. सं. लाई प्राविधिक सहयोग पुगाउने छन्।

९.१९ **सेवा प्रवाहको लागि क्षेत्रब्यापी कार्यदिशा (SWAp):** नेपाल सरकारले सबै तहका खानेपानी, सरसफाई तथा स्वक्षता समन्वय समिति (WASH CCs) मार्फत कार्यक्रम-आधारित कार्यदिशा (PBAp) को शिद्धान्तमा आधारित सेवा प्रवाहको लागि क्षेत्रब्यापी कार्यदिशा अनुसरण गरि दरो नेतृत्व प्रदान गर्ने छ (उद्देश्य ११)।

**८७.** सबै तहका खानेपानी, सरसफाई तथा स्वक्षता समन्वय समिति (WASH CCs) हरुलाई सबै सारोकारवालाहरुलाई एक मात्र, विस्तृत र समन्वित कार्यक्रम र बजेट संरचना तयार पार्न; कार्यक्रम स्तरमा समान सूचकांकको आधारमा कार्य संपादन अनुगमन तथा मुल्यांकन गर्न; तथा समान प्रतिवेदन प्रकृया अनुशरण गर्न साझा धरातल प्रदान गर्ने काम दिईने छ।

**८८.** सूरुमा नेपाल सरकारले नमुना स्वरुप केहि जिल्लामा क्षेत्रब्यापी कार्यदिशाका आधारमा कार्यक्रम र बजेट तर्जुमा लागु गरि ५ वर्षको समय सीमा भित्र सबै जिल्लामा बिस्तार गर्ने छ।

८९. आयोजना-आधारित कार्य दिशाबाट कार्यक्रम-आधारित कार्यदिशा तर्फको सरकारी अग्रसरतालाई दातृसंस्थाहरुको समर्थन लिन र तिनको सहयोगलाई त्यसै अनुकुल परिछालन गर्न गम्भीर प्रयासहरु गरिने छ।

**९.२० मापन-बिन्दु स्थापन (benchmarking) र कार्य संपादन अनुगमन:** मापन-बिन्दु स्थापन (benchmarking) र कार्य संपादन अनुगमन कार्यको वर्तमान प्रयासहरुलाई तिब्रता दिई क्षेत्रगत अनुगमन प्रकृयालाई स्थाई स्वरुप प्रदान गरिने छ (उद्देश्य ११)।

९०. नगरपालीका तथा स्याना र उदियमान नगरहरुमा सेवा प्रदान गरि रहेका सहरी खानेपानी सेवाहरुको मापन-बिन्दु स्थापन (benchmarking) र कार्य संपादन अनुगमन ३ वर्षको समयसीमा भित्र पुरा गरिने छ।

९१. सबै ग्रामीण खानेपानी तथा सरसफाई सेवाहरुको मापन-बिन्दु स्थापन (benchmarking) र कार्य संपादन अनुगमन प्रारम्भ गरि ३ वर्षको समयसीमा भित्र पुरा गरिने छ।

९२. सबै सहरी सरसफाई सेवाहरुको मापन-बिन्दु स्थापन (benchmarking) र कार्य संपादन अनुगमन प्रारम्भ गरि ५ वर्षको समयसीमा भित्र पुरा गरिने छ।

९३. वेबमा आधारित मापन-बिन्दु स्थापन (benchmarking) र कार्य संपादन अनुगमनको आंकड़ा-भंडार (database) ब्यवस्थापन प्रणाली स्थापना गरिने छ र सो प्रणालीलाई सहरी विकास मन्त्रालयको ब्यवस्थापन सूचना प्रणाली (MIS) र खानेपानी तथा ढलनिकास विभागको राष्ट्रिय ब्यवस्थापन सूचना प्रणाली (NMIP) संग आबद्ध गरिने छ।

९४. सहरी विकास मन्त्रालयको ब्यवस्थापन सूचना प्रणाली ईकाई (MIS Unit) द्वारा संचालित वेब र विश्व सूचना प्रणाली (GIS) आधारित ब्यवस्थापन सूचना प्रणालीलाई पुनर्उर्जिकरण गरिने छ र ईकाई लाई मन्त्रालय तथा आंकड़ा-भंडार (database) ब्यवस्थापन प्रणालीमा योगदान पुऱ्याउने अन्य क्षेत्र संबंधित निकायहरुले आंकड़ा-भंडारको नियमित र निरन्तर अध्यावधिकरण र उपयोग गर्नको लागि आवस्यक साधनस्रोत उपलब्ध गराईने छ।

९५. खानेपानी तथा ढलनिकास विभागको राष्ट्रिय ब्यवस्थापन सूचना प्रणाली ईकाईको आंकड़ा-भंडारलाई वेब आधारित गराईने र सबल पारिने छ र ईकाईलाई विभाग, क्षेत्रिय अनुगमन तथा डिभिजन कार्यालय र आयोजनाहरुले आंकड़ा-भंडारको नियमित र निरन्तर अध्यावधिकरण र उपयोग गर्नको लागि आवस्यक साधनस्रोत उपलब्ध गराईने छ।

९.२१ **खा. पा. ढ. नि. वि. लाई अग्रणी निकायको रुपमा सबलीकरण गर्ने:** नेपाल सरकारले नेतृत्वदाई निकायको रुपमा खा. पा. ढ़. नि. वि. ले निर्वाह गर्न आवस्यक भुमका परिभाषित गर्ने छ र यसलाई प्रभावकारी ढंगले आफ्नो भुमिका बहन गर्न सबलीकरण गर्ने छ।

९६. नेपाल सरकारको क्षेत्रगत अग्रणी निकायको रुपमा खा. पा. ढ़. नि. वि. ले सहरी विकास मन्त्रालयलाई निम्न प्रकारले सघाउने छ:

- क्षेत्रगत नीति, रणनीति तथा कानून बारे सल्लाह दिने;
- क्षेत्रगत नीति, रणनीति तथा कानूनको कार्यान्वुयन अनुगमन र सुनिश्चित गर्ने;
- डिजाईन मापदण्ड र निर्देशिका तयार गर्ने र अध्यवधिक गर्ने;
- सेवास्तर मानक र प्राविधिक नियम पुस्तिका र निर्देशिका तयार पार्ने;
- डिजाईन मापदण्ड र निर्देशिका, सेवास्तर मानक र प्राविधिक नियम पुस्तिका र निर्देशिका कार्यान्वुयन अनुगमन र सुनिश्चित गर्ने;
- क्षेत्रगत योजनाको तयार गर्ने र अध्यावधिक गर्ने;
- आवधिक क्षेत्रगत कार्यक्रम र खर्च अनुमान तयार गर्ने र अध्यावधिक गर्ने;
- क्षेत्रगत कार्य संपादन अनुगमन र पुनरावलोकन गर्ने;
- कम्प्युटरीकृत आंकड़ा भंडारणको संभारण र ब्यवस्थापन गर्ने;
- क्षेत्रगत जनसाधन विकास योजना तयर पार्ने र कार्यान्वयन गर्ने;
- दातृसंस्था तथा क्षेत्रगत निकायहरुको स्रोत-साधन प्रवाहको समन्वय र सामन्जस्यीकरण गर्ने; र
- अन्य ब्यावसायिक सहयोग पुगाउने।

९७. क्षेत्रगत अग्रणी निकायको रुपमा खा. पा. ढ़. नि. वि. ले निम्न कामहरु गर्ने छ:

- स्थानिय स्तरमा खानेपानी, ढलनिकास तथा सरसफाई योजनाहरुको निर्माण तथा संचालनको अनुमति दिने;

- स्थानिय निकायहरुको क्षेत्रगत कृयाकलापको योजना तर्जुमा र अनुगमन क्षमता विकास गर्न सहयोग पुऱ्याउने;
- सेवा प्रदायकहरुको सेवाप्रवाह कार्यको अनुगमन गर्न स्थानिय निकायहरुलाई सहयोग पुऱ्याउने;
- आयोजना निर्माण कार्यान्वयन र सुपरिवेक्षण गर्नमा खा. पा. उ. स. सं. लाई सहजिकरण गर्ने तथा प्राविधिक र आर्थिक सहयोग पुऱ्याउने;
- सेवा संचालन र ब्यवस्थापन गर्नमा खा. पा. उ. स. सं सहजिकरण गर्ने र प्राविधिक सहयोग पुऱ्याउने;
- सेवा सुधार, बिस्तार, क्षमता वृद्धि तथा पुनर्स्थापन गर्नमा खा. पा. उ. स. सं. लाई सहजिकरण गर्ने तथा प्राविधिक र आर्थिक सहयोग पुऱ्याउने;
- निरन्तर उपयुक्त संस्थागत सुधार गर्नका लागि खा. पा. उ. स. सं. लाई सहजिकरण तथा उत्प्ररित गर्ने;
- बाढ़ी-पैरो, आंधीबेरी तथा भुकम्प जस्ता प्राकृतिक प्रकोप क्षति पुगेर खानेपानी तथा सरसफाई सेवा अवरुद्ध भएका समुदायमा आपातकालिन सेवा संचालन गर्ने;
- बाढ़ी-पैरो, आंधीबेरी तथा भुकम्प जस्ता प्राकृतिक प्रकोप क्षति पुगेका र अवरुद्ध भएका सेवा पुनर्स्थापन गर्नमा समुदायलाई सहजिकरण गर्ने तथा प्राविधिक र आर्थिक सहयोग पुऱ्याउने; र
- स्थानिय स्तरमा जनशक्तिको क्षमता विकास गर्न तालिम संचालन गर्ने।

९८. केन्द्रिय, क्षेत्रिय तथा स्थानिय स्तरमा खानेपानी, सरसफाई तथा आरोग्य विज्ञान संबन्धि क्षमता विकास गर्न. पा. द खा. पा. ड. नि. वि. को केन्द्रिय जनसाधन विकास ईकाईलाई राष्ट्रिय प्रशिक्षण संस्थाको रुपमा विकास गरिने छ।

**९.२२** **<u>सेवा नियमन तथा महसूल निर्धारण:</u>** नेपाल सरकारले वाताबरण संरक्षण, ब्ययभार बहन योग्य मुल्यमा गुणस्तरिय सेवा प्राप्त गर्न सेवाग्राहीको स्वार्थ रक्षा र सरोकारवालाहरुको भुमिका र जिम्मेवारी परिभाषित गर्न नेपाल सरकारले कानूनी ब्यवस्था सुदृढ़ गर्न ठोस कदम चाल्ने छ (उद्देश्य १२)।

९९. प्रभावकारी सेवा नियमनलाई सहजिकरण गर्न विस्तृत कानून तथा नियमहरु बनाई लागु गरिने छ।

१००. सबै सेवा प्रदायकहरुले प्रदान गरेको सेवा कानून, नियम तथा सेवा मानक बमोजिम नियमन गर्न खा. पा. म. नि. आ. को कानून पुनरावलोकन गरि यसलई क्षेत्राधिकार दिईने र सुदृढ पारिने छ।